# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अधिकांश महिलाहरू पारिवारिक तनावका कारण वृद्ध हुन नपाउँदै मृत्युको सिकार हुन पुगेका छन् । यस पितृसत्तात्मक सोच राखेको समाजमा महिलाहरूले वृद्ध अवस्थामा मात्रै आराम पाउने गरेका छन् । यसरी महिलाको जन्मदेखि मृत्युपर्यन्त सम्मको जीवन चक्रमा देखिने भेदभाव प्रायः गरी अशिक्षा, गरिबी तथा चेतनाको खस्कदो परिस्थितिको उपज मान्न सकिन्छ । नारी स्वतन्त्रता र उद्धारका कुराहरू १९६० कै दशकमा देखा परेको भएता पनि सामाजिक रूपमा महिला तल्लो दर्जा कै नागरिक भई बस्न र बाँच्न बाध्य भएका छन् । नारी भएकै कारण सामाजिक दमन, शोषण, उत्पिडन सहेर बस्नु परेको अवस्था प्रष्ट हुन आउँछ (काफ्ले र अन्य, २०६८) ।

प्राचीन वैदिक शिक्षा प्रणालीमा महिलाले विद्यार्थी जीवन कालमा तरुण पतिको चयन गर्न सक्दथे र पुरुष सरह स्वतन्त्र रूपमा विचरण गर्न सक्दथे । वेदकालमा महिलाहरू या त सदोवधु हुन्थे, जो विवाह गरी घरजम गर्दथे अथवा ब्राह्मवाधिनी भई धार्मिक हुन्थे, उनीहरूको पुरुष सरह उपनयन र श्राद्धमा हिस्सा हुन्थ्यो । हिन्दूधर्ममा नारीलाई पनि देवताको रूपमा राखी लक्ष्मी, सरस्वती, भगवती मानी पूजा गरेर सम्मान गरेको पाइन्छ । वेदले “जननी” आमालाई अति आदर गर्नु भनी जोड दिएको छ । महिलाले अंश पाउनु पर्छ भन्ने मान्यतालाई मनुस्मृतिले व्याख्या गरेका छन् । हिन्दू धर्मको आर्यन कालमा महिलाहरू पुरुष सरह शिक्षा हासिल गरी स्वतन्त्र रहन्थे र व्याकरणका ज्ञाता भई कर्मकाण्डका बारेमा समेत सामेल हुन सक्दथे । यसरी वैदिक कालमा महिलालाई शिक्षा दिने परिपाटी सबै वेदमा उल्लेख भएको पाइन्छ भने महिलाहरू सम्मानित र पुजनीय पनि भएका छन् (कार्की, २०६७) ।

शिक्षा र चेतनाले मानवीय जीवनलाई सार्थक बनाउँछ अतः शिक्षा अनिवार्य वस्तु हो । यो अनिवार्य भएता पनि राणाशासन काल वि.सं. १९७४ सालतिर महिलालाई शिक्षा दिने परिपाटीको व्यवस्था भएको थिएन । राणाशासन कालमा महिलाहरूले “महिला समिति” गठन गरेको समयमा राणाहरूले “महिला समिति” के हो ? र किन गठन गर्ने ? भन्ने प्रश्न उठाउँदा महिलाहरूले शिक्षा प्राप्त गर्न अनिवार्य छ भनी शिक्षाका लागि समिति गठन

गरेको भनी प्रतिउत्तर दिएदेखि महिला शिक्षाको विस्तारै चर्चा परिचर्चा हुन  थाल्यो । यसरी विभिन्न सङ्घर्षहरू गर्दै २००४ सालमा महिलाहरूले आन्दोलन गरेर महिलाको शिक्षाका लागि विद्यालयको व्यवस्था भयो । अझ पनि छोरा र छोरीमा शिक्षा दिने परिपाटीमा भने एकरूपता आउन सकेको देखिँदैन (प्रधान, २०५९) ।

कुनै पनि व्यक्तिलाई अनुशासित, देशप्रति कर्तव्यनिष्ठ, इमान्दार तथा समाज निर्माणमा मानव पुँजीको रूपमा विकास गर्न अन्य कुराको अलावा गुणस्तरयुक्त एवम् व्यवहारिक शिक्षाको पनि आवश्यकता पर्दछ । त्यसैले नै भन्ने गरिन्छ कि शिक्षा नै धन हो । राष्ट्रको समुन्नत विकासका लागि शिक्षित व्यक्ति अपरिहार्य हुन्छ । यस्तो अत्यावश्यक चिजको परिपूर्ति भने संसार भरमै राज्यको तर्फबाट थालनी गर्ने गरेको देखिन्छ । यद्यपि पछिल्लो समयमा आइपुग्दा निजी क्षेत्रको प्रवेश तथा समुदायमा आधारित शैक्षिक संस्थाहरूले नै राज्यले दिने गुणस्तर भन्दा अझ बढी गुणस्तरको शिक्षा सेवा प्रदान गर्ने गरेको देख्न सकिन्छ (NCED, २०६०, ६१) ।

महिलाहरूका हक, हित, सुरक्षा तथा संरक्षणका कुराहरूलाई सामान्य अर्थमा महिला अधिकार भन्ने गरिन्छ । विश्वका प्रायः सबै मुलुकहरूमा पुरुष र महिलाहरूको बीचमा असमानता देखिन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा नै UNICEF ले सन् १९८७ मा महिलालाई समाजको आवश्यक अङ्ग ठानी सबै राष्ट्रहरूलाई स्वीकार गर्न प्रेरित गऱ्यो । ७ अप्रिल १९९१ मा Convention on the Elimination of all forms of Discrimination Against Women भन्ने महासन्धी पारित गऱ्यो । महिला अधिकारको बारेमा पारित गरिएका प्रस्तावहरू कार्यान्वयन गराउन United Nations Development Fund for Women (UNIFEM) को पनि स्थापना गरियो ।

महिला अधिकार सम्बन्धी सन् १९९५ मा बेइजीङमा भएको चौथो विश्व महिला सम्मेलनले महिला र पुरुष बीचको समान अधिकारलाई कानुनी रूपमा प्रत्याभूति दिनुपर्ने तथा महिलालाई पुरुष सरह शिक्षा, स्वास्थ्य, सम्पति तथा रोजगारीमा अवसर दिनुपर्छ भन्ने विषयमा जोड दिइएको थियो (UNICEF, 1994) ।

महिलाले गर्ने काममा रोक लगाई क्षमता वृद्धि गर्नबाट वञ्चित गरिन्छ र उपभोग्य वस्तुको रूपमा महिलालाई राखिन्छ । आदिम कालदेखि छोरा र छोरी बीचको मतभेदलाई अन्त्य गर्नका लागि १९१० मार्च १० लाई नारी दिवस मनाउने गरेको पाइन्छ । महिलालाई

माथि उकास्न वि.सं. १९७४ मा नारी जागृति संघको स्थापना गरियो भने २०५२ सालमा महिला तथा समाज कल्याण मन्त्रालय स्थापना गरी थप कार्यक्रमहरू प्रभावकारी बनाउने प्रयत्न गरियो । त्यसैगरी अधिकांश महिलाहरू कृषि पेसामा संलग्न हुने भएकाले वि.सं. २०४९ सालमा कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना गरी महिला उत्थानका कार्यक्रमहरू पनि सञ्चालन गर्न थालेको पाइन्छ । अन्तर्राष्ट्रिय स्तरमा, सन् १९४५ मा चीन, ब्राजिल, डोमिनिक गणतन्त्र र संयुक्त राज्य अमेरिकाका महिलाहरूको प्रयासबाट संयुक्त राष्ट्र संघले पनि सन् १९४६ मा महिला र पुरुष बीच समानता कायम हुनु पर्दछ भनी महिला स्थिति सम्बन्धी आयोगको स्थापना गर्‍यो (महिला, कानुन र विकासमञ्च, २०६०) ।

महिलालाई आर्थिक तथा सामाजिक क्रियाकलापमा सक्रिय तुल्याउनका लागि विगत समयदेखि नै प्रयासहरू हुदै आएका छन् । अन्तर्राष्ट्रिय स्तरबाट महिलालाई माथि उकास्न गरिएको प्रयास मध्ये डेनमार्कको कोपनहेगनमा सम्पन्न दोस्रो महिला सम्मेलन सन् १९८० मा विना भेदभाव महिलालाई पुरुष सरह समान किसिमको शिक्षा दिनु पर्दछ भन्ने निती अघि सार्‍यो भने सन् १९८५ मा केन्याको नैरोवीमा तेस्रो विश्व महिला शिखर सम्मेलन सम्पन्न गरी विद्यालयमा छात्रालाई कुनै पनि किसिमको भेदभाव गर्न नपाइने भनी घोषणा गर्‍यो । नेपालको सन्दर्भमा पनि वि.सं. १९१० को मुलुकी ऐनलाई पहिलो औपचारिक संहितावद्ध कानुनको रूपमा लिन सकिन्छ । महिलाका शिक्षाका बारेमा समय-समयमा विभिन्न प्रयासहरू भइरहेता पनि नेपालको संविधान २०१९ ले कानुनी रूपमा नै महिलालाई विभेद गर्न पाइने छैन भनी निती कार्यान्वयन भएकाले महिलालाई अलि बढी क्रियाशिल बनाएको देखिन्छ । महिला सम्बन्धी अधिकारका कुराहरूमा महिलालाई शिक्षा प्रति उन्मुख गराउन २०२९ सालमा शिक्षा मन्त्रालयअन्तर्गत महिला शिक्षा परियोजना सुरु भयो र विस्तारै त्यसलाई लागू पनि गरेको पाइन्छ (थापा र अधिकारी, २०६८) ।

महिला सशक्तीकरणको अभियानमा नेपालमा कार्यरत गैर सरकारी संस्थाहरूले महिलाको चेतना अभिवृद्धि गर्न केन्द्रदेखि स्थानीय तहसम्म महिला सम्बन्धी महासन्धीमा सचेतता ल्याउन तालिम तथा प्रचार प्रसारका कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । आर्थिक सशक्तीकरणका लागि लघुऋण कार्यक्रम, महिला विकास कार्यक्रम, अनौपचारिक व्यवसायिक कार्यक्रम तथा सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ भने उद्योग पर्यटन र वनसँग सम्बन्धित क्षेत्रमा पनि महिलाको सहभागिता बढाउने प्रयास गरेको

देखिन्छ । त्यसैगरी महिला सशक्तीकरणलाई दशौं योजनामा पनि समावेश गरी सोही अनुसारका कार्यक्रमहरूको कार्यान्वयन गर्ने गरिएको छ (अनौपचारिक शिक्षा केन्द्र, २०६६) ।

पेसागत संरचनाको आधारमा पनि पुरुषको तुलनामा महिलाको सक्रियता न्यून देखिन्छ । उच्चस्तरीय पेसा, प्रसासनिक कार्य, व्यापार व्यवसाय आदिमा महिलाको अवस्था निकै पछाडि परेको छ । वि.सं. २०४८ सालको तथ्याङ्क अनुसार पेसामा २.५४% पुरुष रहेकोमा महिलाको हिस्सा ०.७% मात्र देखिएको थियो भने २०५८ को तथ्याङ्कले ५% महिलाले वर्षमा ३ महिना भन्दा कम समय काम पाएकाले पुरुषको तुलनामा महिला स्वरोजगारको स्तर उच्च रहेको देखिन्छ तर देश बाहिर गई व्यवसाय गर्ने महिलाको हैसियत भने अझै पनि उक्सन सकेको देखिँदैन (सुवेदी, २०५९) ।

नेपाली महिलाहरूले निकै लामो समयदेखि राजनीतिमा क्रियाशिलता देखाउँदै आएका छन् । वि.सं. २००७-२०१७ सालको अवधिलाई हेर्दा महिलालाई अन्याय विरोधी राजनीति गर्ने गरेको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११४ मा "प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कमीतमा पाँच प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य हुनेछ" भनी उल्लेख गरेर महिलालाई राजनैतिक क्षेत्रमा पनि समेटेको पाइन्छ । त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ मा पनि महिलाको समावेशीकरणको सवाललाई स्थान दिइएको छ । प्रत्येक महिलालाई प्रजनन स्वास्थ्यको अधिकार हुने, शारीरिक वा मानसिक तथा अन्य किसिमको हिंसात्मक कार्य गर्न नहुने र पैतृक सम्पतिमा छोरा र छोरीको समान हक हुने व्यवस्था भएको भए पनि विभिन्न पारिवारिक तथा सामाजिक परिस्थितिका कारण राजनैतिक नेतृत्वमा महिलाहरू निस्कृय नै भएको देखिन्छ (कोइराला, २०५८) ।

समाजको गुणात्मक अवस्था महिलाको सक्षमतामा निर्भर गर्दछ । महिलाहरू सक्षम सुशिक्षित तथा परिवर्तन प्रति सकारात्मक छन् भने समाजको गतिशिलता बढ्छ । अन्यथा परिवर्तनको सन्दर्भमा विभिन्न किसिमका विकृतिहरू देखा पर्दछन् । वि.सं. १९८० मा कन्या स्कुलको स्थापनापश्चात् छात्राहरू शिक्षामा औपचारिक रूपमा संलग्न भएको देखिन्छ । छात्राहरूको शैक्षिक गुणस्तर उकास्न छात्रावृत्तिको व्यवस्था गर्ने तथा अन्य कार्यहरूमा सघाउने जस्ता कार्यहरू भए पनि महिलाको शिक्षाको अवस्था अझै फितलो नै देखिन्छ । सन् २००० मा डकार सम्मेलनले "सबैका लागि शिक्षा" भन्ने कार्यक्रम लागू गरेपछि त्यही अनुरूप ५ वर्ष लगाएर विद्यालय जान नसक्ने विशेष गरी महिलाहरूका लागि ८-१४ वर्ष

उमेर पूरा गरेका विद्यार्थीलाई अनौपचारिक शिक्षाको माध्यमबाट शिक्षा दिने परिपाटी चल्दै आएको छ भने दुर्गम भेगका महिलाहरूका लागि दूर शिक्षा तथा प्रौढ शिक्षाका कार्यक्रमहरू दिएर महिलाको शैक्षिक अवस्था उकास्न खोजिएको देखिन्छ (शैक्षिक तथ्याङ्क, २०५८) ।

सरकारले साक्षरता कार्यक्रमलाई सघन रूपमा सञ्चालन गरी निरक्षरता हटाउन विभिन्न प्रयासहरू गरेको छ । विद्यालय स्तरमा प्राथमिक तहदेखि माध्यमिक तहसम्मका सबै छात्राहरूलाई निशुल्क शिक्षाको व्यवस्था गरेको छ भने हरेक सरकारी तथा गैर सरकारी क्षेत्रमा महिलालाई सक्रिय गराइ औपचारिक तथा अनौपचारिक कार्यक्रम मार्फत् शिक्षा दिइरहेको अवस्था छ । वि.सं. १९९० को एस.एल.सी.परीक्षामा महिला परीक्षार्थीको सङ्ख्या जम्मा १ रहेकामा अहिले लगभग ३७% महिला (छात्रा) त्यो तहसम्म पुगेका छन् । विद्यालयमा अनिवार्य रूपमा महिला शिक्षक राख्नुपर्ने प्रावधानले महिलाको शिक्षाको अवस्थालाई बलियो बनाएको छ । समय- समयमा महिला शिक्षकलाई तालिमको व्यवस्था, लोकसेवा आयोगबाट लिइने परीक्षामा महिला कोटाको व्यवस्था गरी आरक्षणको व्यवस्था, अधिराज्यभरी महिला विकासको स्थापना, आदिको कारणले महिला शिक्षाको अवस्था विगत भन्दा केही हदसम्म उच्च नै रहेको देखिन्छ । तर पुरुषको तुलनामा भने न्यून नै छ । २०५८ सालको जनगणनाले शिक्षित महिलाको प्रतिशत ४२.५% र पुरुषको ६५.१% देखाएको छ (अनौपचारिक शिक्षा केन्द्र एक चिनारी, २०६३) ।

चौधरी (थारु) नेपालको कुल जनसङ्ख्याको चौथो स्थानमा पर्ने आदिवासी जाति हो । थारु जाति प्रकृति पूजक हुन् भने कृषी पेशामा आश्रित हुने जातिको रूपमा पनि चिनिन्छन् । थारु जातिको उत्पत्तिको सम्बन्धमा विभिन्न तर्कहरू पाइन्छन् । प्राचीन लेखमा पाइएको ‘स्थरु’ शब्दको अर्थ थारु हो भन्ने उल्लेख गरेको पाइन्छ । त्यस्तै अर्कार्थरीको भनाइ अनुसार स्थरवादमा आस्था राख्ने शाक्यवंशको नाम नै स्थविरवादी हो जसबाट छोटकरी हुँदै स्थविर पछि थविर भएर थारु हुन थयो । भगवान् गौतम बुद्धले प्रतिपादन गरेको मौलिक बुद्ध धर्मलाई थेरवाद भनिन थाल्यो । यही थेर शब्दबाट थारु जातिको नाम रहन गयो भन्ने तर्कहरू पनि भेटिएको छ (चौधरी, २०६३) ।

नेपालको जनगणना २०५८ को तथ्याङ्कमा नेपालको कुल जनसङ्ख्याको ६.७५% अर्थात् १५,३३,८७९ सङ्ख्यामा रहेको चौधरी तराईको २२ जिल्लामा फैलिएर रहेका छन् । ठूलो सङ्ख्यामा रहेका चौधरी समुदायका महिलाहरूको शैक्षिक अवस्था एक दयनीय अवस्थामा रहेको देखिन्छ । कृषि पेशामा संलग्न भएका कारण तथा आर्थिक विपन्नताले गर्दा

महिलाहरू शिक्षा प्राप्त गरी आफ्नो आय आर्जनलाई दरिलो बनाउन सकेको देखिँदैन । पुरातनवादी सोच तथा गरिबीको चपेटाले गर्दा महिलाहरू शारीरिक रूपमा परिश्रम गरेर नै आफ्नो जीविका चलाउने गरेका छन् जसले गर्दा कुनै पनि सरकारी निकायमा काम गर्न पनि पछि परिरहेका छन् । खासगरी चौधरी समुदायहरू तराईमा बसोबास गर्ने भएकाले अधिकांश आदिवासी गरिब नै रहेको विभिन्न तथ्याङ्कले देखाएको छ (लेखी, २०६५) ।

२०५८ सालको जनगणना अनुसार नेपालको साक्षरता दर ५३.८% देखिएकामा चौधरी समुदायको साक्षरता प्रतिशत भने न्यून रहेको देखिन्छ । त्यसैगरी २०६८ को तथ्याङ्कले नेपालको कुल जनसङ्ख्या २,६४,९५,५०४ मध्ये १७,३७,४७० को सङ्ख्यामा चौधरी रहेको अर्थात् ६.६% चौधरीको सङ्ख्या रहेको देखिन्छ । कूल जनसङ्ख्या मध्ये चौथो स्थानमा रहेका चौधरीहरूको शिक्षामा कम सहभागिता देखिन्छ । सुनसरी जिल्लाका जम्मा चौधरीको सङ्ख्या १,६२,२७९ रहेकामा भा.सि.गा.वि.स.को चौधरीको जनसङ्ख्या भने ७,६९७ रहेको देखिन्छ जसमध्ये महिलाको सङ्ख्या ३,८३७ रहेको तथ्याङ्कमा उल्लेख छ (तथ्याङ्क रिपोर्ट, २०६८) ।

आदिवासी समुदायमा पर्ने चौधरी महिलाहरू कृषि पेशामा बढी संलग्न भएकाले शिक्षामा पहुँच न्यून देखिन्छ । रुढीवादी मान्यता तथा पुरातनवादी सोचले गर्दा महिलाले शिक्षा प्राप्त गरेर केही काम छैन भन्ने सोच कायम नै रहेको छ । देशमा औषत महिलाको साक्षरता दर ४२.८% रहेकोमा चौधरी महिलाहरूको साक्षरता दर न्यून रहेको देखिन्छ । तराईमा प्रति १०० जना पुरुषमा २८ जनाको अनुपातमा (१००:२८) महिला साक्षरता छ । यसले पनि तराईका आदिवासी चौधरी समुदायका महिलाको प्रतिनिधित्व गर्दछ । विद्यालय तहमा हेर्दा अहिलेको अवस्थामा बालबालिकाको सङ्ख्या प्राथमिक तहमा बढेको तर माध्यमिक तहमा पुग्दा खस्कदो अवस्था देखिन्छ । तराइका विद्यालयहरूमा हेर्दा विद्यालयमा महिला (छात्रा) को भर्नादर बढी भएता पनि माध्यमिक तहसम्म यसको निरन्तरता त्यतिकै रूपमा चलेको देखिँदैन (थारु संस्कृति, २०६३) ।

### १.२ समस्याको कथन

पितृप्रधान मुलुकहरूमा विशेषगरी छोराको महत्त्व उच्च रहने, छोरीलाई दोस्रो दर्जाको रूपमा हेरिने, छोरालाई जन्मने वित्तिकै पैतृक सम्पतिमा अधिकार हुने र छोरी भने पराया हुने परम्परा हाम्रो समाजमा विद्यमान छ । यसरी एकै आमाको कोखबाट जन्मेका

छोरा र छोरीमा विभेद हुनु आजको प्रमुख समस्या हो । आर्थिक तथा सामाजिक स्तरबाट महिलालाई होच्याउने तथा त्यस्ता अवसरमा असमानता, महिलाको अदृश्यता, लैङ्गिक भेदभाव, दमन, हिंसाको अवस्था विद्यमान छ ।

औपचारिक तथा अनौपचारिक कार्यक्रमहरू प्रसस्त सञ्चालन भइरहेको अवस्था भए पनि प्राथमिक शिक्षामा बालबालिकाको भर्ना उच्च रहेको भए पनि माथिल्लो तहमा यो प्रतिशत घट्दै गएको देखिन्छ । यसरी घट्ने क्रममा प्रायः जसो बालिकाहरू नै भएको देखाइएको पाइन्छ । घरबाटै सुरुवात हुने लैङ्गिक विभेदले पनि महिलाहरूलाई समानरूपले शिक्षा आर्जन गर्न छेकबार लगाएको छ ।

महिलाहरूको शैक्षिक आवश्यकतालाई उजागर गर्ने कार्यमा सरकारी तथा गैर सरकारी दृष्टिकोण स्पष्ट नहुनु, शैक्षिक प्रतिबद्धताहरू फितलो हुनु, लैङ्गिक विभेदबारे विद्यालयस्तरमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन हुन नसक्नु जस्ता समस्याहरू शैक्षिक अवस्थाका समस्याहरू हुन् ।

शैक्षिक स्तरमा महिलाको स्थिति अझै पनि कमजोर नै छ । कुल जनसङ्ख्याको आधा भाग ओगटेको महिलाको शैक्षिक अवस्था हेर्दा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर हुनु भनेको चुनौतीको विषय हो । महिला साक्षरता कमी रहनुमा लैङ्गिक अवधारणा समावेश गरी पाठ्यपुस्तक र पाठ्यक्रम पुनरावलोकन गर्न नसक्नु, सानै उमेरमा विवाह गरिनु, अधिक कार्यघण्टा, संरक्षणको कमी हुनु तथा सामाजिक बन्धन हुनु वर्तमान महिला शिक्षाको चुनौतीको विषय हो । एउटा पुरुष शिक्षित हुँदा एक व्यक्तिमात्र शिक्षित हुने तर महिला शिक्षित हुँदा पूरै परिवार शिक्षित हुन्छ भन्ने अनुसन्धानहरूले देखाइसकेको अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वचनबद्धता पनि सोच अनुरूप हुन नसक्नु पनि समस्याको रूपमा देखा पर्दछ ।

महिला साक्षरताका लागि विभिन्न सरकारी तथा गैरसरकारी स्तरबाट जनचेतना जगाउने खालको कार्यक्रम तय भए पनि कार्यान्वयन पक्ष सही तरिकाले भएको छ कि छैन ? महिलाहरूको शिक्षासँगको अवस्था कस्तो छ ? महिला सशक्तीकरणका प्रयासहरू समय सान्दर्भिक सार्थक छन् कि छैनन् ? विद्यालय शिक्षा तथा अनौपचारिक शिक्षा कसरी प्रदान गरिएको छ ? आदि समस्याहरूलाई हेर्न यो अध्ययन गरिएको छ र राज्यबाट शिक्षाको तर्फमा चालिआएका सकारात्मक कदमहरू भएता पनि शैक्षिक स्थिति लैङ्गिक समानताको

विपक्षमा रहेको प्रष्ट हुन्छ । अझ देशको क्षेत्रिय भिन्नता, भौगोलिक भिन्नता, विशेष जातिको जातीय बाहुल्यता, पूर्वाधारको पहुँचको स्थिति हेर्दा महिला र पुरुषको शैक्षिक स्तरमा निकै खाडल देखिन्छ । यस परिवेशमा यस अध्ययनले पूर्वाञ्चल भित्रको सुनसरी जिल्ला अन्तर्गत पर्ने भा.सि. गा.वि.स.को ३ वटा वडामा बसोबास गर्ने महिलाको शिक्षामा सहभागिता अर्थात् अवस्था र त्यसमा गरिएका प्रयासहरूको अवस्था विश्लेषण गर्नेछ ।

### १.३ अध्ययनको औचित्य

राष्ट्रिय विकासको गतिमा वृद्धि गर्नु आजको प्रमुख आवश्यकता हो । राष्ट्रिय विकास हुनका लागि सबै क्षेत्रमा महिला तथा पुरुषको समान सहभागिता हुनु जरुरी छ । शिक्षा मानिसको मेरुदण्ड हो । यसको अभावमा विकास संभव छैन तसर्थ महिलालाई स्वयम् आत्मनिर्भर बनाउन यस अध्ययन अनुसन्धानले निकै महत्त्व राख्दछ । विकासको मूल प्रवाह भन्नु नै शिक्षा भएकाले महिलालाई शिक्षित बनाउन योजना छनोट, नीति निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा महिला सशक्तीकरणका लागि यो अनुसन्धान महत्त्वपूर्ण मान्न सकिन्छ ।

शिक्षा एक आधारभूत अधिकारको रूपमा रहेको छ । नेपाली समाजमा विद्यमान परम्परागत मान्यता र परिवारबाट नै सुरुवात हुने भेदभावले महिलाहरू शिक्षाको अवसरबाट वञ्चित भइरहेका छन् । अतः विद्यालय स्तरबाट तथा अन्य संस्थाहरूबाट महिला शिक्षाको कसरी विस्तार र विकास भएको छ भन्ने कुरा अध्ययन गरी महिलालाई जागरुक बनाई आफ्नै खुट्टामा उभिन सक्ने बनाउनु शिक्षाको उद्देश्य भएकाले यस अध्ययनले यस क्षेत्रमा पनि सहयोग गर्नेछ ।

महिलालाई सामाजिक मान्यता प्रदान गर्ने, सञ्चालन गरेका शैक्षिक कार्यमा हौसला प्रदान गर्ने, विद्यालय सेवामा महिला सहभागिता भएता पनि माध्यमिक तहमा सहभागिताको अवस्था न्यून भएका कारणहरू केके हुन् ? र साक्षरता सम्बन्धी कार्यक्रमहरू कसरी सञ्चालन गरे समस्या समाधान हुन्छ भनी विश्लेषणात्मक अध्ययनका लागि यो अनुसन्धान महत्त्वपूर्ण हुनेछ । यस महिला शिक्षाको अवस्थाको अध्ययन गर्नुको औचित्यहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

क) महिला शिक्षाको अवस्थाको बारेमा अध्ययन गर्न चाहने व्यक्ति, संघसंस्था तथा विद्यार्थीहरू लगायत शैक्षिक क्षेत्रमा कार्यरत महिलाहरूका लागि उपयोगी हुनेछ ।

ख) महिला सशक्तीकरणका आधारभूत चुनौतीहरूलाई पहिचान गरी त्यसबारे थप अध्ययन अनुसन्धान गर्नका लागि शिक्षा तथा अन्य संस्थाका सरोकारवाला व्यक्तिहरूलाई सहयोगी हुनेछ ।

ग) महिलाहरूलाई माथि उकास्नका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्ने सञ्चालकहरू, वुद्धिजिवीहरू तथा अन्य व्यक्तिलाई सहयोग पुग्नेछ ।

घ) यस अध्ययनले महिलाहरूलाई शिक्षा प्रति आकर्षण गराई आफ्नो अधिकारप्रति जिम्मेवार बनाउन सहयोग पुग्नेछ ।

ङ) शैक्षिक कार्यक्रम प्रति चासो व्यक्त गर्न चाहने महिला सहभागिता र यसका शैक्षिक पक्षहरूको समेत अध्ययन गर्न सहयोग गर्नेछ ।

च) महिला अधिकारकर्मी, शिक्षाकर्मी तथा महिलाको शैक्षिक गतिविधि बुझ्न चाहना राख्ने सम्पूर्ण व्यक्तिहरूलाई यस अनुसन्धानले सहयोग प्रदान गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

हरेक अध्ययन अनुसन्धान खोजका निश्चित उद्देश्यहरू हुन्छन् । उद्देश्यले अनुसन्धानकर्तालाई उपयुक्त दिशाबोध गराउनुका साथै अध्ययन कार्यलाई सरल र सहज बनाउँछ । यस अनुसन्धानमूलक खोजका निम्न अनुसारका उद्देश्यहरू रहेका छन् :

१) चौधरी महिलाको शिक्षाको अवस्था पत्ता लगाउनु,

२) चौधरी महिलाका शिक्षाका आधारभूत चुनौती पहिचान गर्नु,

३) महिला साक्षरताको सुधारका लागि गरिएका प्रयासहरू पत्ता लगाउनु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययन अनुसन्धानलाई निम्न परिसीमा भित्र रही अध्ययन गरिएको छ :

क) यो अध्ययन सुनसरी जिल्लामा मात्र सीमित रहेको छ ।

ख) महिला शिक्षाको अवस्था विश्लेषणका लागि सुनसरी जिल्लाको भा.सि.गा.वि.स.को ३ वटा वडाहरूमा सीमित गरिएको छ ।

ग) यो अध्ययन भा.सि. गा.वि.स. वडा नं. २, ४ र ५ मा बसोबास गर्ने चौधरी समुदायका १५-४५ उमेर समूहका महिलामा सीमित गरिएको छ ।

## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक साहित्यको अध्ययन

महिला शिक्षा सम्बन्धी विभिन्न किसिमका लेख तथा रचनाहरू द्वितीय स्रोतबाट तथ्याङ्क प्राप्त भएको भएता पनि छनोट गरिएको यस महिला शिक्षाको अवस्थासँग मेल खाने विभिन्न सिद्धान्तहरूमध्ये यस अध्ययनमा दुई सिद्धान्तलाई अवलम्बन गरिएको छ :

क) अन्तरविरोधको सिद्धान्त

ख) महिलावादी सिद्धान्त

कुनै पनि समाजमा परिवर्तन आउनका लागि समाजमा अर्न्तविरोध हुनुपर्छ भनी कार्लमाक्सले अर्न्तविरोधको सिद्धान्त (१८१८-१८८३) मा उल्लेख गरेका छन् । कार्ल माक्स (१८१८-१८८३) ले "आर्थिक निर्धारक" को नियमानुसार व्यक्तिको विचार चिन्तन र कार्य सामाजिक निर्धारक होइन तर आर्थिक संरचनाले व्यक्तिका विचार र क्रियाकलापलाई प्रभावित गर्दछ । यसैबाट सामाजिक व्यवस्थाको निर्माण र सामाजिक व्यवस्थामा परिवर्तन आउँछ (आचार्य, २०६५) । माक्सको यस सिद्धान्त अनुसार व्यक्तिका हरेक क्रियाकलापलाई अर्थले प्रभाव पार्छ । आर्थिक असमानताको कारण समाजमा २ वर्ग निर्माण हुन्छ । आर्थिक संरचनामा परिवर्तन हुने वित्तिकै विचार र चिन्तनमा परिवर्तन हुन्छ । उनको सो सिद्धान्तमा विभिन्न नियम मध्ये अन्तर्विरोधको विविधता नियम यस अध्ययनको शीर्षकसँग मिल्दो रहेको छ । उनको सो नियममा उल्लेख भए अनुसार अन्तर्विरोध दुई किसिमको हुने गर्दछ । समाजमा शत्रुतापूर्ण अन्तर्विरोध र मित्रतापूर्ण अन्तर्विरोधको फलस्वरूप समाज परिवर्तन हुने गर्दछ । सोही नियमका आधारमा अशिक्षितमा पनि शिक्षित सरह शिक्षाको पहुँचमा ल्याउनका लागि सबै वर्ग बीच मित्रता पूर्ण व्यवहार सृजना गराई अनपढलाई पढ्नका लागि उत्प्रेरणात्मक सिकाइ गराउन सकिन्छ (ढकाल, २०६५) ।

महिलावाद एक वैचारिक दर्शन र एउटा सङ्गठीत आन्दोलनको रूपमा स्थापित भइसकेको छ । पुरुषको प्रभुत्व रहेको विज्ञान र समाजशास्त्रीय सिद्धान्तहरूमा लैङ्गिक अन्धता कायम छ भन्ने नारीवादी सिद्धान्तको मान्यता रही आएको छ । नारीवादले पुरुष विज्ञानको संरचनाभित्र पुरुष पुर्वाग्रह घुसेको छ भन्ने दावी गरेको देखिन्छ । नारीवाद

महिलाका बारेमा बहस गर्ने वा महिलाको विचार र हितलाई जोड दिने वाद हो । जसले महिलालाई सशक्त बनाउन र पुरुष सरह समान अधिकार उपयोग गर्न सघाउँछ । नारीवाद सिद्धान्तको जन्म सन् १९६० र १९७० को दशक तिर यु.एस.ए. मा भएको हो ।

समाजशास्त्रीय सिद्धान्तका सम्बन्धमा महिलावादी आलोचना

Emile Durkheim ले महिला विभेदको बारेमा खासै विचार व्यक्त नगरे तापनि श्रम बजारमा महिला सहभागिता जस्ता सवालका प्रसङ्गमा लिएको पाइन्छ । Sex based division of Labour को जैविक आधार हुन्छ भन्ने कुरामा जोड दिएका छन् । महिलाहरू जैविक कारणले गर्दा कम चलाख हुने गर्दछन् भनी व्याख्या समेत गरेको पाइन्छ ।

Mas Weber ले Class, status and power का बीचको अन्तर्सम्बन्ध माथि विशेष ध्यान पुऱ्याएका छन्, समाजमा कुनै पनि व्यक्तिको हैसियत शक्तिसँग सम्बन्धित हुन्छ । महिलाहरू तल्लो हैसियतमा जेन्डरका कारणले हुने गर्दछन् भन्ने Weber को मान्यता छ । जसले गर्दा उनीहरूलाई कम राजनीतिक अधिकार र कम आर्थिक स्रोत प्राप्त हुने गर्दछ ।

Auguste Comte ले समाजमा महिला भन्दा पुरुषहरू उच्च हुने गर्दछन् भनी व्याख्या गरी महिलावादी सिद्धान्तको आलोचना गरेका छन् । महिलावाद एउटा वैचारिक दर्शन भएकाले यसमा तीनवटा धारहरू देख्न सकिन्छ :

- पहिलो धार
- दोस्रो धार
- तेस्रो धार

सन् १८३० मा दासता विरुद्ध सङ्घर्ष गर्नका लागि अमेरिकामा महिलाहरू पहिलोपटक सङ्गठीत भएका थिए । सन् १८४८ मा Elizabeth Lady Station Lucretia Mott ले न्युयोर्कमा महिलाको मुद्दामा आवाज उठाउनका लागि आयोजना गरेको सम्मेलनबाट पहिलो धार विकसित हुन पुगेको थियो भने सन् १९६० को दशक देखि दोस्रो धारको सुरुवात भएको मानिन्छ । सन् १९८० देखि तेस्रो धारको विजारोपण भएर सन् १९९० को दशकमा भने महिलावादमा तेस्रो धारले उल्लेखनीय महत्त्व पाएको छ (काफ्ले र अन्य, २०६८) ।

## २.२ महिला शिक्षासँग सम्बन्धित अध्ययनहरू

यस अध्ययनसँग सम्बन्धित साहित्यहरूको पुनरावलोकन गर्नु अथवा समीक्षा गर्नु आदिलाई आधारविन्दु मानी अनुसन्धानात्मक कार्य अगाडि बढाउन उपयुक्त हुने भएकाले यस अध्ययन कार्यलाई पनि वास्तविकता र प्रामाणिकता प्रदान गर्न सम्बन्धित अध्यनयहरूको सिंहावलोकन गरिएको छ ।

कोइराला (१९८६) ले आफ्नो अध्ययन प्रतिवेदनमा नेपालमा अनौपचारिक शिक्षामा महिलाहरूको सहभागिताको स्थिति तथा महिला सम्बन्धी अन्य अध्ययन गरेका छन् । उनले आफ्नो प्रतिवेदनमा महिलाहरू शिक्षाका कारणले गर्दा ज्ञान, सीप र धारणामा समेत विकास हुने र शिक्षा प्राप्त गरेका महिलाहरूले आफ्नो आय आर्जन गर्नका लागि पनि विभिन्न माध्यमहरू पहिचान गरी आफ्नो आर्थिक स्थिति सबल बनाउन सक्ने हुन्छन् । परिवर्तन समाजको नियम हो यसर्थ महिलालाई परिवर्तनतर्फ उन्मुख गराउनु पर्छ । महिला उपर हुने लैङ्गिक भेदभाव समाप्त पार्ने क्रममा गरिएको प्रयास १० डिसेम्बर १९४८ मा संयुक्त राष्ट्र संघको महासभाले पारित गरेको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा हो । विभिन्न घोषणा तथा महासन्धीले पारित गरेका कुराहरूलाई व्यवहारमा नउतारी किताबी रूपमा मात्र राखेर लैङ्गिक समानता नहुने कुरा उल्लेख गरेका छन् भने यसलाई समानता ल्याउन शिक्षाले प्रभावकारी भूमिका खेल्नुपर्छ । त्यसैले आज लैङ्गिक समानताका लागि शिक्षा भन्ने गरिन्छ । उनले आफ्नो प्रतिवेदनमा महिलालाई प्रथमतः शिक्षामा जोड गराइनु पर्छ जसका कारण महिलामा ज्ञान, सीप, धारणाको विकास भई आत्मविश्वास बढ्छ ।

अधिकारी (२०६६) का अनुसार आर्य महिलाहरू विद्वान् थिए, स्वतन्त्र र शिक्षित थिए तर त्यति हुँदाहुँदै पनि सम्पूर्ण सम्पतिमा तथा अधिकारका कुरामा भने सक्षम देखिँदैनथे । पतिकुल, देवकुल, राजकुल, गुरुकुल हुँदै क्रमशः शिक्षाको विकास भएको मानिन्छ । नेपालको सन्दर्भमा १९०३ पछि सर्वसाधारणलाई शिक्षाको अवसरबाट वञ्चित गरिएको भएता पनि सामान्य रूपबाटै शिक्षा प्राप्त गर्ने महिलाहरू पनि प्रशस्तै थिए भनी विभिन्न वेदहरूबाट पनि पुष्टि हुन्छ ।

दशौँ योजना (२०६४) को अध्ययन प्रतिवेदनले नेपाली महिलाहरू शिक्षाको अवसरबाट अझ पनि वञ्चित रहेको कारण अस्वस्थता, कामको व्यवस्थता तथा घर परिवार साथै समाजले उसलाई हेर्ने दृष्टिकोण र रुढीवादी संस्कृति तथा कानुनी प्रावधान रहेको छ भनी पुष्टि

गर्दछ । करिव १,३७,१३,४४४ जनसङ्ख्या महिलाले ढाकेको अवस्थामा साक्षरताको दृष्टिकोणबाट ६५% पुरुषको छ भने ४२.८६% महिलाको शैक्षिक अवस्था रहेको छ । हाल आएर प्रत्येक विद्यालय स्तरमा एक एक जना महिला शिक्षक अनिवार्य राख्नुपर्ने र छात्रालाई छात्रावृत्ति दिने व्यवस्थाले पनि महिलाहरूको शैक्षिक स्तर वृद्धि भएको तथ्याङ्कले देखाएको छ ।

ढकाल (२०६७) ले महिला जागरण मार्फत् महिला विकास, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, लैङ्गिक समताका लागि अन्तर्राष्ट्रिय स्तरमा भएका प्रयास र प्रतिबद्धताले महिलाको स्तरमा सुधार ल्याउन सहयोग गरेको भए पनि अशिक्षा, अज्ञानता तथा गरिबीको चपेटामा परेका कारण महिलाहरूको वास्तविकता अशिक्षामा नै रुमलिएको छ । महिला वर्गको उत्थानका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गरी पिछडिएका महिला वर्गलाई मुक्ति दिलाउन शैक्षिक विकासमा अझ बढी कार्यक्रमहरू ल्याउनु पर्ने विषयलाई जोड दिएको देखिन्छ ।

बस्नेत (२०६७) ले आफ्नो अध्ययन लेखमा महिला शिक्षाको अवस्थालाई खोज गरी समाजलाई परिवर्तन गर्न महिलालाई व्यापक रूपमा शिक्षित बनाउनु पर्ने धारणा व्यक्त गर्नु भएको छ । नेपालमा आधुनिक शिक्षा २००७ सालपछि नै सुरुवात भएको हो । वर्तमान अवस्थामा आइपुग्दा भन्ने गर्छौं "सबैका लागि शिक्षा" तर पनि सिमान्तकृत महिलाहरूले अझै पनि शिक्षाको अधिकारबाट वञ्चित हुनु परेको अवस्था छदैछ । जातीय, भाषिक वा कुनै पनि समूहले यसलाई शिक्षा आर्जन गर्ने स्थानको रूपमा हेर्नु पर्दछ । शिक्षा क्षेत्रमा जनचेतनाको कमी रहेको छ । गरिबी, भौगोलिक विकटता एवम् रुढीवादी परम्परागत सोचका कारण नेपालमा समावेशीयुक्त शिक्षा हुन सकेको छैन । नेपालको अन्तरिम संविधान २०६३ ले माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हकको व्यवस्था गरेको छ तर त्यसलाई कानुनद्वारा सुनिश्चित गरिनुपर्छ र महिलाको रुचि अनुरूप व्यवसायिक शिक्षाको व्यवस्था गरिनु उपयुक्त हुने देखिन्छ ।

ढकाल (२०६७), नारायणप्रसाद ढकालले आफ्नो अप्रकाशित शोधपत्रमा महिलाका विषयमा यसरी व्याख्या गर्नुभएको छ । नेपालको सन्दर्भमा महिला शिक्षा, साक्षरता कार्यक्रम, साक्षरोत्तर कार्यक्रम, आयमूलक कार्यक्रम विभिन्न सरकारी निकायबाट तथा गैरसरकारी निकायहरूबाट सञ्चालन गरिँदै आएका छन् । १५-४५ वर्ष उमेर समूहका महिलालाई प्रौढ शिक्षा कार्यक्रमहरू सञ्चालन पनि भइरहेको छ । राष्ट्रिय शिक्षा नीति अनुरूप साक्षरता,

साक्षरोत्तर शिक्षा तथा सीपमूलक शिक्षा अभिवृद्धि र विस्तारका लागि महिलालाई समयानुसार अनौपचारिक शिक्षा पनि प्रदान गर्दै मुलुकभर साक्षरता अभियान सुरुवात गरिएको छ ।

प्राध्यापक सङ्गठन (२०६६) का अनुसार महिला शिक्षाको अवस्थाका लागि साक्षरता सम्बन्धी गरिएका प्रयासहरूका विषयमा भएको अध्ययन प्रतिवेदनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूले विभिन्न सेवा सुविधाहरू जस्तै दूर शिक्षा, महिला प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा अन्य शिक्षाहरूको माध्यमबाट महिलाहरूलाई साक्षर गराइरहेको देखाइएको पाइन्छ । अनौपचारिक शिक्षाका लागि आवश्यक सबै किसिमका प्राविधिक जनशक्ति पाठ्यसामग्री आदि सुनिश्चित गर्ने व्यवस्था भएको पाइन्छ । शिक्षाको आवश्यकता महसुस गरी कार्यमूलक प्रौढ शिक्षा दिलाउन UNESCO ले विश्वका विभिन्न मुलुकहरूलाई ठूलो सहयोग गरेको छ । कार्यमूलक प्रौढशिक्षाले सामान्य लेखपढ र साधारण हिसाबमा जोड दिई महिलाहरूलाई कम से कम निरक्षरता हटाउने प्रयास गर्न खोजिएको छ । आर्थिक वर्ष २०६६/०६७ को बजेटमा सबै नेपालीलाई साक्षर बनाई देश विकास गर्न सरकारले “साक्षर बनौं क्षमता बढाऔं” कार्यक्रम लागू गरी आगामी दुई वर्षभित्रमा सबै नेपाली साक्षर हुने गरी निरक्षरता उन्मुलन कार्यक्रम सञ्चालन गरिरहेको छ । यस कार्यका लागि स्थानीय निकाय, विद्यालयका शिक्षक र स्थानीय राजनीतिक दलहरूको सहभागिता पनि प्रचुर मात्रामा हुनु पर्दछ ।

चापागाईं (२०६७) ले आफ्नो लेखमा महिलालाई हेर्ने दृष्टिकोणमा हिजो र आजको अवस्था र चुनौतीहरूलाई स्पष्ट पार्नुभएको देखिन्छ । अधिकांश ग्रामिण भेगका महिलाहरू बढी अशिक्षित भएको र सहरी भेगका महिला शिक्षित भए पनि सबै आत्मनिर्भर नभई परनिर्भर भएको देखिन्छ । यस्तो देखिनुका पछाडि धेरै चुनौतीहरू छन् । महिलालाई हेर्न दृष्टिकोण अझ फराकिलो हुन सकेको छैन । अहिलेका महिलाले यस समाजमा आफ्नो पहिचान र सक्रिय भूमिका खोजेका छन् । आर्थिक, सामाजिक, शैक्षिक तथा अन्य क्षेत्रमा अर्थपूर्ण सहभागिता खोजेका छन् भने लैङ्गिक न्याय पनि अनिवार्य ठानेका छन् तर कानुनी उमेर भन्दा अगावै विवाह हुनु, सानै उमेरमा गर्भवती बन्नु, २४ घण्टा नै काममा खटिनु, आर्थिक सरसल्लाह र निर्णयमा अधिकार नदिइनु, घर बाहिरको समाजको परिचय समेत थाहा पाउनबाट वञ्चित गरिनु महिलाको सशक्तपूर्ण चुनौतीहरू हुन् ।

Tyson (1950) ले Feminist Criticism मा महिलावादी आन्दोलन र तिनले प्राप्त गरेका उपलब्धिले लैङ्गिक अवधारणाको विकासमा सहयोग पुऱ्याएको छ भनी व्याख्या गरेको पाइयो । जसमा Women and Development सन् १९६० मा विकास भएपछि त्यसले महिलाको आर्थिक विकासमा जोड दिएको थियो । यसले राम्ररी महिलाको अवस्थाको अध्ययन गर्न नसकेकाले १९८० मा Gender and Development को विकास भयो जसको उद्देश्य समतामा आधारित दिगो र सहभागितामूलक विकास प्रक्रिया सञ्चालन गर्नु रहेको देखिन्छ । महिलाहरूको सशक्तीकरण र न्यायिक अधिकारमा महिलाको पहुँच पुऱ्याउन GAD ले भूमिका खेलेको देखिन्छ । GAD ले एक पक्षिय ढङ्गले महिला समर्थक वा महिला केन्द्रित नगरी लैङ्गिक सम्बन्धका माध्यमबाट समस्याको पहिचान र समाधानका उपायको खोजी गरिन्छ ।

## परिच्छेद - तीन

## अध्ययन विधि

अध्ययन कार्य गर्नका लागि के कस्ता विधिहरूमा आधारित भएर गर्नु उपयुक्त हुन्छ भनी जानकारी राख्नु सान्दर्भिक हुने भएकाले यस अध्ययन अनुसन्धानको पनि विभिन्न विधिहरू हुन्छन् । तिनीहरूलाई यसरी उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा महिला शिक्षाको अवस्था विश्लेषणका लागि वर्णनात्मक ढाँचालाई अवलम्बन गरिएको छ र प्रश्नावली, अन्तर्वार्ता तथा दस्तावेज अध्ययनको माध्यमबाट सूचनाहरू सङ्कलन गरिएको छ ।

यस अध्ययनको अनुसन्धान ढाँचा निम्न बमोजिम छ ।

| उद्देश्य | साधनहरू | प्रतिक्रियादाता | |
|---|---|---|---|
| | | महिला विकासमा आबद्ध महिलाहरू | चौधरी समुदायका (१४-४५) समूहका महिलाहरू |
| १. चौधरी महिलाको शिक्षाको अवस्था पत्ता लगाउनु, | अन्तर्वार्ता | ✓ | ✓ |
| २. चौधरी महिलाको शिक्षाका आधारभूत चुनौतीहरू पहिचान गर्नु, | प्रश्नावली | ✓ | ✓ |
| ३. महिला साक्षरताको सुधारका लागि गरिएका प्रयासहरू पत्ता लगाउनु । | दस्तावेज अध्ययन | शिक्षामा सामाजिक न्याय, नेपालमा महिला, थारु जातिको उत्पत्ति समाजशास्त्रीय विवेचना, साक्षरता कार्यक्रमको प्रभावकारीता, Critical Theory Today | |

### ३.२ जनसङ्ख्या

यस अध्ययन अनुसन्धानमा जनसङ्ख्याका रूपमा सुनसरी जिल्ला अन्तर्गत भा.सि. गा.वि.स.का वडा नं. २, ४ र ५ का चौधरी समुदायका (१५-४५) वर्ष उमेर समूहका महिला र महिला विकासमा आवद्ध महिलाहरू रहेका छन् ।

### ३.३ नमुना छनोट

यस अध्ययन अनुसन्धानमा आवश्यक पर्ने जिल्ला, गा.वि.स., चौधरी समुदायका महिलाहरू, महिला विकासमा आवद्ध महिलाहरू छनोट गर्दा विभिन्न नमुना छनोट विधि अपनाइएको छ ।

#### ३.३.१ जिल्ला छनोट

यस अध्ययनका लागि सुविधाजनक नमुना छनोट विधि प्रयोग गरी सुनसरी जिल्ला छनोट गरिएको छ ।

#### ३.३.२ गा.वि.स.छनोट

सुनसरी जिल्लामा रहेको भा.सि.गा.वि.स.को वडा नं. २, ४ र ५ लाई सुविधाजनक नमुना छनोट विधि प्रयोग गरी छनोट गरिएको छ ।

#### ३.३.३ चौधरी समुदायका महिलाहरू छनोट

यस अध्ययनका लागि सम्भावना युक्त नमुना छनोट विधिका आधारमा नमुना छनोटमा परेका ३ वटा वडाका चौधरी समुदायका (१५-४५) उमेर समूहका १०/१० जना महिलालाई छनोट गरिएको छ ।

#### ३.३.४ महिला विकासमा आवद्ध महिलाहरू छनोट

यस अध्ययन कार्यलाई प्रभावकारी बनाउन महिला विकासमा कार्यरत ५ जना महिलाहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा नमुना छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कनका स्रोतहरू

अनुसन्धानलाई विश्वसनीय, प्रभावकारी तथा उद्देश्यमूलक बनाउने भएकाले यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कका स्रोतहरू प्राथमिक र द्वितीय दुवैलाई प्रयोगमा ल्याइएको छ ।

क) प्राथमिक स्रोत

ख) द्वितीय स्रोत

**क) प्राथमिक स्रोत**

तथ्याङ्क सङ्कलनका लागि नमुना छनोट गरिएका चौधरी समुदायका (१५-४५) उमेर समूहका महिलाहरू र महिला विकासमा आवद्ध महिलाहरूलाई अन्तर्वार्ता अनुसूची र प्रश्नावली प्रयोग गरी सङ्कलन गरिएका तथ्याङ्कलाई प्राथमिक स्रोतको रूपमा राखिएको छ ।

**ख) द्वितीय स्रोत**

अध्ययनसँग मेल खाने लेख रचना साथै दस्तावेज अध्ययनहरू जस्तै महिला विकासबाट प्रकाशित तथ्याङ्कहरू, महिला शिक्षा सम्बन्धी प्रकाशित पत्रपत्रिकाहरूलाई र महिला सशक्तीकरणका लागि भएका प्रयासका पुस्तकहरूलाई द्वितीय स्रोतको रूपमा राखिएको छ ।

### ३.५ साधनको निर्माण

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न निम्न अनुसारको साधनको उपयोग गरिएको छ ।

#### ३.५.१ अन्तर्वार्ता अनुसूची

महिला शिक्षाको अवस्थासँग सम्बन्धी अन्तर्वार्ता अनुसूची निर्माण गरी नमुना छनोटमा परेका चौधरी समुदायका महिलाहरूलाई प्रयोग गरिएको छ । उक्त अन्तर्वार्ता अनुसूचीलाई अनुसूची १ मा राखिएको छ ।

#### ३.५.२ प्रश्नावली

तथ्याङ्क सङ्कलन गर्नका लागि नमुना छनोटमा परेका महिला विकासमा आवद्ध महिलाहरूलाई प्रश्नावली निर्माण गरी प्रयोग गरिएको छ । उक्त प्रश्नावलीलाई अनुसूची २ मा राखिएको छ ।

#### ३.५.३ दस्तावेज अध्ययन

यस अनुसन्धानमा आवश्यक पर्ने सत्य तथ्य सूचना प्राप्त गर्नका लागि महिला विकासबाट प्रकाशित दस्तावेजहरू, महिलाशिक्षासँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिकाहरू,

महिला सशक्तीकरणका लागि गरिएका प्रयासरत लेख तथा रचनाहरू आदिलाई दस्तावेज अध्ययनको रूपमा प्रयोग गरिएको छ ।

### ३.६ साधनको वैधता

यस अध्ययनमा महिला शिक्षाको अवस्था र चुनौतीको विश्लेषणका क्रममा आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न अन्तवार्ता अनुसूची, प्रश्नावली र दस्तावेज अध्ययन निर्माण गरी उक्त साधनहरूलाई वैधता प्रदान गर्न सहपाठी साथीहरूसँग छलफल गरी त्यसपश्चात् शोध निर्देशकको सल्लाह र सुझावका आधारमा परिमार्जन गरी साधनलाई वैधताको निर्धारण गरिएको छ ।

### ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनका क्रममा आवश्यक पर्ने सूचना सङ्कलनका लागि अध्ययन छनोटमा परेका भा.सि.गा.वि.स.का वडा नं. २, ४ र ५ का चौधरी समुदायका (१५-४५) उमेर समूहका महिलाहरूको वास्तविक अवस्था पत्ता लगाउनका लागि अनुसन्धानकर्ता म स्वयम् अन्तर्वार्ता प्रश्नावलीमा सहभागी भएको हुँ । सूचना सङ्कलन गर्नका निमित्त अध्ययन क्षेत्रमा नै गएर पूर्व निर्धारण गरिएको नमुना जनसङ्ख्यासँग अन्तर्वार्ता र प्रश्नावलीमार्फत् सत्य तथ्य सूचना सङ्कलन गरिएको छ । त्यसैगरी महिला शिक्षाबारे थप जानकारी लिन महिला विकासमा आबद्ध महिलाहरूलाई प्रत्यक्ष रूपमा आफै गई भेटेर प्रश्नावलीहरू भर्न लगाई त्यसबाट प्राप्त सूचना समेत सङ्कलन गरिएको छ भने तथ्याङ्क सङ्कलनकै क्रममा विभिन्न दस्तावेजहरूलाई समेत समेटी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनमा अध्ययन क्षेत्रबाट प्राथमिक र द्वितीय रूपमा सङ्कलन गरिएका तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न अन्तर्वार्ता अनुसूची, प्रश्नावली, दस्तावेज अध्ययनबाट प्राप्त सूचनाहरू गुणात्मक भएकाले ती सूचनालाई वैधता प्रदान गरी बुझ्ने किसिमले तथ्याङ्कहरूको विश्लेषण गरिएको छ ।

# परिच्छेद - चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

यस शोध अध्ययनमा महिला शिक्षाको अवस्था र चुनौती सम्बन्धी जानकारी प्राप्त गर्नका लागि प्राथमिक र द्वितीय स्रोतबाट सूचनाहरू सङ्कलन गरी प्राप्त सूचनाका आधारमा प्राथमिक स्रोतको रूपमा महिला विकासमा आवद्ध महिलाहरू र चौधरी समुदायका (१५-४५) उमेर समूहका महिलाहरू रहेका छन् भने द्वितीय स्रोतको रूपमा महिला शिक्षा सम्बन्धी लेख रचना तथा पुस्तकहरू रहेका छन् । ती स्रोतहरूबाट प्राप्त सूचनाहरूलाई कुनै पनि तथ्याङ्कशास्त्रिय विधिको प्रयोग नगरी शाब्दिक व्याख्या विश्लेषणको आधारमा यस अध्ययनमा राखिएका उद्देश्यहरूमा प्राप्त भएका तथ्याङ्कहरूलाई विश्लेषण गरिएको छ ।

### ४.१ चौधरी महिलाको शैक्षिक अवस्थासम्बन्धी विश्लेषण र व्याख्या

यस अध्ययनमा अन्तर्वार्ता अनुसूची र प्रश्नावली प्रयोग गरी प्रतिक्रिया दाताहरूमा चौधरी समुदायका महिलाहरू र महिला विकासमा आबद्ध महिलाहरूबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई महिला शिक्षाको अवस्थासँग सम्बद्ध गराई विभिन्न उपबुँदाका शीर्षकहरूमा विभाजन गरी व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ । साथै दस्तावेज अध्ययनबाट प्राप्त जानकारीहरूलाई पनि समेटिएको छ ।

### ४.१.१ शिक्षामा चौधरी महिलाको सहभागिता

– **भा.सि.गा.वि.स. वडा नं. २ का चौधरी महिलाको शिक्षामा सहभागिता**

महिला शिक्षाको अवस्था पहिचान गर्ने क्रममा गरिएको खोजमूलक अनुसन्धानमा संभावनायुक्त नमुना छनोट विधिद्वारा तथ्याङ्क सङ्कलन गर्दा जम्मा २३९ घरधुरी मध्ये १० घरधुरीका (१५-४५) उमेर समूहका चौधरी महिलाको शिक्षाको अवस्थालाई तालिकामा यसरी देखाइएको छ ।

| जम्मा घरधुरी सङ्ख्या | छनोटमा परेका घरधुरी सङ्ख्या | साक्षर | निरक्षर | साक्षरको योग्यता | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सामान्य लेखपढ | एस.एल.सी. | आइ.ए. | बी.ए. | एम.ए. |
| 239 | 10 | 9 | 1 | 5 | 2 | 1 | 1 | - |

माथिको तालिकालाई विश्लेषण गर्दा जम्मा २३९ घरधुरीबाट छनोटमा परेका १० घरधुरीका जम्मा १० जना चौधरी महिलाहरूको शिक्षामा सहभागिता हेर्दा जम्मा साक्षर महिला ९ जना, निरक्षर १ जना भएकोमा सामान्य लेखपढ मात्र गर्न सक्ने महिला ५ जना, एस.एल.सी. पास गर्ने महिला २ जना, आइ.ए. पास गर्ने १ जना र बि.ए. पास गर्ने १ जना देखियो भने एम.ए. पास गर्ने महिला देखिएन । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा यस वडा नं. २ का चौधरी महिलाको शैक्षिक अवस्था राम्रै रहेको पाइयो ।

**– भा.सि.गा.वि.स. वडा नं. ४ का चौधरी महिलाको शिक्षामा सहभागिता**

यस खोजमूलक अनुसन्धानमा भा.सि.गा.वि.स.का चौधरी महिलाको शैक्षिक अवस्था पहिचान गर्दा संभावनायुक्त नमुना छनोट विधिबाट १०३ घरधुरी मध्ये १० जनसङ्ख्या (१५-४५) उमेर समूहका चौधरी महिलाको शिक्षाको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| जम्मा घरधुरी सङ्ख्या | छनोटमा परेका घरधुरी सङ्ख्या | साक्षर | निरक्षर | साक्षरको योग्यता | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सामान्य लेखपढ | एस.एल.सी. | आइ.ए. | बी.ए. | एम.ए. |
| 103 | 10 | 8 | 2 | 4 | 4 | - | - | - |

माथिको तालिकालाई विश्लेषण गर्दा यस वडा नं. ४ का १० घरधुरीका जम्मा १० जना महिलाहरूको शैक्षिक अवस्था हेर्दा साक्षर महिला ८ जना, निरक्षर महिला २ जना रहेकामा सामान्य लेखपढ गर्न सक्ने ४ जना रहेको पाइयो भने एस.एल.सी. पास गर्ने महिला ४ जना र सो भन्दा माथि अध्ययन गर्ने महिला पाइएन । जसले गर्दा यस वडामा उच्च शिक्षामा चौधरी महिलाको सहभागिता नभएकाले शैक्षिक स्तर न्यून रहेको पाइयो ।

**– भा.सि.गा.वि.स. वडा नं. ५ का चौधरी महिलाको शिक्षामा सहभागिता**

यस अनुसन्धानका लागि भा.सि.गा.वि.स.को वडा नं. ५ को चौधरी समुदायका महिला १५-४५ उमेर समूहका जम्मा २२४ घरसङ्ख्यामध्ये छनोटमा परेका जम्मा १० घरसङ्ख्याका १० जना महिलाको शैक्षिक अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ ।

| जम्मा घरधुरी सङ्ख्या | छनोटमा परेका घरधुरी सङ्ख्या | साक्षर | निरक्षर | साक्षरको योग्यता | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सामान्य लेखपढ | एस.एल. सी. | आइ.ए. | बी.ए. | एम. ए. |
| 224 | 10 | 8 | 2 | 2 | 3 | 2 | 1 | - |

माथिको तालिकालाई विश्लेषण गर्दा जम्मा २२४ घर सङ्ख्यामध्ये छनोटमा परेका १० घरका प्रत्येक १ जना महिलामाथि गरिएको अध्ययनमा साक्षर भएका महिला ८ जना, निरक्षर महिला २ जना भएका मध्ये सामान्य लेखपढ गर्न सक्ने महिलाको सङ्ख्या २ जना, एस.एल.सी. पास ३ जना, आइ.ए.पास २ जना र बी.ए.पास गरेका १ जना महिला देखियो तर एम.ए.पास गर्नेको सङ्ख्या भने देखिएन । यस अवस्थालाई हेर्दा यस वार्डमा महिलाको शैक्षिक स्थिति सामान्य लेखपढ देखि लिएर उच्च तहसम्मको स्तरलाई हेर्दा उच्च रहेको पाइयो ।

समग्रमा २, ४ र ५ वडाका (१५-४५) वर्ष उमेर समूहका महिलाहरूको शैक्षिक सहभागितालाई हेर्दा ३ वडाका जम्मा चौधरी महिलाको सङ्ख्या १,७९५ रहेकामा १,०५४ जना महिलाहरू साक्षर भएको र ७४१ जना महिलाहरू निरक्षर भएको पाइयो भने प्रत्येक वार्डका छनोटमा परेका महिलाहरूको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा महिलाहरूको शिक्षामा सहभागिता उच्च रहेको देखियो । त्यसैगरी (१५-४५) उमेर समूहका ३ वटै वडाका जम्मा महिलाको साक्षर अवस्था हेर्दा वडा नं. २ मा ४७३ साक्षर र ३०४ निरक्षर रहेको देखियो । त्यसैगरी वडा नं. ४ मा २०५ साक्षर र २६७ निरक्षर रहेको र वडा नं. ५ मा ३७६ साक्षर र ९२४ निरक्षर रहेको पाइयो । यस अवस्थालाई हेर्दा वडा नं. २ मा साक्षर महिलाको सङ्ख्या निरक्षर महिलाको सङ्ख्या भन्दा बढी रहेको पाइयो भने अन्य २ वटा वडामा निरक्षर महिलाको सङ्ख्या नै बढी भएको देखियो । यसबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका थारु समुदायका महिलाहरूको शैक्षिक सहभागितालाई हेर्दा ३० जना महिलामध्ये ५ जना निरक्षर रहेको र १४ जनाले उच्च शिक्षा प्राप्त गरेको तथा ११ जना महिलाहरू सामान्य लेखपढ गर्न सक्ने रहेको, २५ जना महिलाहरू साक्षर रहेको अवस्था पाइनुले महिलाको शिक्षामा सहभागिता राम्रो देखिन्छ ।

### ४.१.२ औपचारिक शिक्षामा चौधरी महिलाको सहभागिता

यस अध्ययनमा गरिएको स्थलगत सर्वेक्षणबाट प्राप्त जानकारीको आधार लिँदा १४ जना महिलाले औपचारिक शिक्षा प्राप्त गरेको, २५ जना साक्षर र ५ जना निरक्षर रहेको पाइयो तर यस भा.सि.गा.वि.स.मा चौधरी समुदायको राम्रो बाहुल्यता भएकाले त्यसमा कुल महिला साक्षरता ४६.१९ प्रतिशत भएकामा ४२ प्रतिशत चौधरी समुदायका महिलाहरू नै रहेको पाइयो । गा.वि.स.बाट लिएको तथ्याङ्कलाई हेर्दा गा.वि.स.भरीको जम्मा थारु महिलाको सङ्ख्या ३,८३७ रहेको देखिए तापनि अध्ययन क्षेत्रका जम्मा चौधरी महिलाको औपचारिक सहभागिता हेर्दा १७५ जनाले एस.एल.सी. उत्तीर्ण गरेको देखियो भने अन्य तहमा ९६ गरी जम्मा २७१ जनाले औपचारिक शिक्षा प्राप्त गरेको पाइयो । यसरी हेर्दा महिलाहरू तुलनात्मक रूपले साक्षर भएको देखिए तापनि औपचारिक शिक्षा प्राप्त गर्ने महिलाहरूको सङ्ख्या न्यून रहेको पाइयो ।

### ४.१.३ उच्च शिक्षामा चौधरी महिलाको अवस्था

यस अध्ययनका क्रममा वडा नं. २, ४ र ५ का जम्मा महिलामध्ये संभावनायुक्त नमुना छनोटबाट १५-४५ उमेर समूहका ३० जना महिलाहरू छनोट गरी ती छनोट गरिएका महिलाहरूसँग प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट सूचनाहरू सङ्कलन गर्दा जम्मा १४ जना महिलाले मात्र एस.एल.सी.वा सो भन्दा माथिको शिक्षा प्राप्त गरेको देखियो तर गा.वि.स.बाट प्राप्त भएको जानकारी अनुसार अध्ययन क्षेत्रका जम्मा चौधरी महिलाहरू मध्ये ९६ जनाले आइ.ए.भन्दा माथिको शिक्षा प्राप्त गरेको देखियो । यसबाट यो स्पष्ट हुन्छ की दस्तावेज अध्ययनबाट प्राप्त तथ्याङ्कको तुलनामा नमुना छनोटमा परेका महिलाहरूको उच्च शिक्षाको अवस्था राम्रो रहेको पाइयो ।

### ४.१.४ महिला शिक्षा सम्बन्धी कार्यक्रम

यस अध्ययनका क्रममा महिला शिक्षासँग सम्बन्धित कार्यक्रमहरू के कस्ता रहेका छन् भनी विभिन्न अध्ययन गर्दा दस्तावेजहरूमा उल्लेख गरिएको तथ्याङ्क अनुसार विद्यालय तहका छात्राहरूलाई प्राथमिक तह र नि.मा.वि.तहमा निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन गरेको पाइयो । जसले गर्दा छात्राहरू पढ्नबाट पछि पर्नु नपरोस् । त्यसैगरी विद्यालय जान नसक्ने महिलाहरूलाई शिक्षा प्रदान गर्न विभिन्न अनौपचारिक कार्यक्रम, प्राथमिक तहदेखि माध्यमिक तहसम्म अनिवार्य एक जना महिला शिक्षक राख्नुपर्ने व्यवस्था,

लैङ्गिक समानता बारे विभिन्न संघ संस्थाहरूबाट गोष्ठी सञ्चालन गर्ने कार्यक्रम, दाइजो विरोधी कार्यक्रमहरू, महिला शिक्षा सम्बन्धी सीप विकासका कार्यक्रमहरू सञ्चालन भएको पाइयो । यसै सम्बन्धमा महिला विकासमा कार्यरत महिला तथा अध्ययन क्षेत्रका चौधरी समुदायका महिलाहरूबाट सङ्कलित सूचना अनुसार, महिला विकासमा आबद्ध महिलाहरूले पनि महिलाहरूलाई समाजमा माथि उकास्नका लागि समय-समयमा महिला शिक्षासँग सम्बन्धित प्रौढ शिक्षा कार्यक्रम, अनौपचारिक शिक्षा, घुम्ती शिक्षा, किशोरी शिक्षा तथा विभिन्न सीपमूलक तालिमको व्यवस्था गर्ने गरेको बताए पनि स्थलगत अध्ययन क्षेत्रका चौधरी महिलाहरूले भने प्रौढ शिक्षा कार्यक्रमहरू हाल सञ्चालन नभएको तर घुम्ती सीपमूलक कार्यक्रमहरूमा आफूहरू सहभागी भएको बताए । साथै अनौपचारिक शिक्षा तथा संघ संस्थाहरूले दिएको तालिमहरूमा सहभागी हुने गरेता पनि उक्त तालिमले महिलाहरूलाई खासै प्रभाव नपारेको अथवा कुनै प्रतिफल प्राप्त नभएको पाइयो ।

## ४.२ चौधरी महिलाको शिक्षाका आधारभूत चुनौतीहरू पहिचानसम्बन्धी विश्लेषण र व्याख्या

यस अध्ययनमा महिला शिक्षाका आधारभूत चुनौतीहरू पहिचान गर्नका लागि दस्तावेज अध्ययन, अन्तर्वार्ता र प्रश्नावली प्रयोग गरी चौधरी समुदायका १५-४५ वर्ष उमेर समूहका महिलाहरू र महिला विकासमा आवद्ध भएका ५ जना महिलाहरूबाट सङ्कलित तथ्याङ्कहरूलाई व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ महिला शिक्षाको अवस्था सम्बन्धी चुनौती

यस अध्ययनमा महिला शिक्षाको अवस्था सम्बन्धी समस्या अन्तर्गत दस्तावेज अध्ययनबाट प्राप्त जानकारीको व्याख्या विश्लेषण गर्दा शिक्षामा महिलाको पहुँच वृद्धि गर्न प्रतिबद्धताको अभाव हुनु, विशेष कानुनको व्यवस्था नहुनु, स्वास्थ्य सुविधाको अभाव, महिलाहरूलाई उच्च शिक्षाका लागि प्राथमिकता नदिनु, महिला विरुद्ध हुने घरेलु हिंसा, यौनजन्य दुरुपयोग, महिला सम्बन्धी विभिन्न महासन्धीहरूको कार्यान्वयन नहुनु, सामुहिक सोच र सञ्जालको अभाव हुनु, लैङ्गिक संवेदनशीलताको अभाव हुनु तथा महिलालाई जहिले पनि पुरुष भन्दा निष्कृष्ट रूपमा हेरिनु आदि जस्ता समस्याहरू महिला शिक्षाको अवस्थासँग गाँसिएको विद्यमान चुनौती हो भनी व्याख्या गरेको पाइयो । तर यसै सम्बन्धमा छनोटमा परेका प्रतिक्रियादाताहरू महिला विकासमा कार्यरत महिलाहरू र चौधरी समुदायका महिलाहरूसँग अन्तर्वार्ता र प्रश्नावलीको प्रयोग गरी लिइएको तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाहरूको विशिष्ट शारीरिक अवस्था, नीतिगत समस्या, भौगोलिक

समस्याको कारणले पनि महिलाहरूलाई शिक्षा सम्बन्धी समस्या रहेको देखिन्छ । घरपरिवारका कारण बढी कामको बोझ खेप्नु परेर शिक्षाबाट पछि परेकाले यो पनि चुतौतीको रूपमा रहेको देखिन्छ । चौधरी महिलाहरूले विशेषगरी बालविवाह खेप्नु परेको, सामाजिक रुढीवादी मान्यता छोरी पढेर कुनै अर्थ छैन भन्ने सङ्किर्ण सोच तथा विद्यालय टाढा भएकाले पनि समयमा पुग्न नसकिने स्थिति आदिले गर्दा शिक्षा प्राप्त गर्न समस्या रहेको धारणा व्यक्त गरेको पाइयो ।

### ४.२.२ महिलाहरू शिक्षाबाट वञ्चित हुने कारणहरू

यस अध्ययनमा महिलाहरू शिक्षाबाट वञ्चित हुने कारणहरू सम्बन्धमा दस्तावेज अध्ययनबाट प्राप्त जानकारी अनुसार, महिलाहरूमा चेतनाको कमी, सशक्तीकरण कार्यक्रमहरू पर्याप्त नहुनु वा भएको अवस्थामा पनि महिलाहरू सक्रिय नहुनु, घरायसी काममा बढी सीमित हुने, पारिवारिक असहयोग, महिला हिंसा, राजनैतिक प्रतिबद्धताको खाँचो, जातिय विभेद, महिलाहरूलाई उचित अवसर प्रदान नगरिनु, रुढीवादी परम्परा आदि कारणहरूले पछि पारेको अवस्था पाइयो भने स्थलगत अध्ययन गर्दा चौधरी समुदायका महिलाहरूले शिक्षा नपाएको कारणहरूमा आर्थिक कारण, सामाजिक कारण, रुढीवादी सोच तथा विभिन्न अवसरहरूको कमीले गर्दा श्रम गर्नुपर्ने, सानै उमेरमा विवाह भएको हुँदा बालबच्चाको स्याहार तथा पालनपोषण गर्नुपर्ने तथा आफ्ना आमाबुवाहरू नै अनपढ भएको कारणले पढ्न नपाएको धारणा व्यक्त गरेको पाइयो भने महिला विकासमा आवद्ध भएका महिलाहरूको धारणा अनुसार शताब्दीऔँ देखि चली आएको पितृसत्तात्मक सोचको कारण, राज्यले सामाजिक सचेतनाका कार्यक्रमहरू प्रशस्त सञ्चालन गर्न नसक्नु, महिलालाई दोस्रो दर्जाको रूपमा राखिनु, राज्यको स्रोत र साधनमा महिलालाई स्थान नदिइनु आदि जस्ता कारणहरू नै महिला शिक्षासम्बन्धी खास चुनौती रहेको देखियो ।

### ४.२.३ शिक्षामा महिला सहभागीता बढाउन महिलाहरूले भोग्नु परेका समस्याहरू

यस अध्ययनमा महिला सहभागिता बढाउन महिलाले भोग्नु परेका समस्याहरूलाई प्राप्त दस्तावेज अध्ययनका जानकारी अनुसार महिला सहभागिता बढाउन सामाजिक रूपले आरोपित हुनुपर्ने, कार्यप्रतिको अविश्वास, कार्यबोझ, न्यून आयस्रोत, परनिर्भरता, सहकार्यको कमी, समान अवसरको कमी, पारिवारिक विभेद, गुणस्तरीय शिक्षा प्राप्त नहुनु, राजनैतिक सचेतनाको कमी, मूल्याङ्कन गर्न सक्ने क्षमताको कमी, राज्यद्वारा प्रशस्त कार्ययोजना

नहुनु, संघ संस्थाहरूले कार्यक्रम लागू गरेता पनि त्यसलाई निरन्तरता नदिनु आदि जस्ता समस्याहरूले प्रभाव पारेको देखियो भने महिला विकासमा आबद्ध महिला कार्यकर्ताहरूले कार्यको शिलसिलामा महिलाहरूलाई शिक्षामा सहभागिता गराउन धेरै समस्या रहेको बताए । उनीहरूको भनाइ अनुसार महिलाहरू सामाजिक रुढीबादी, परम्परावादी सोचको कारण हामीहरूले पढेर के हुन्छ ? राज्यले हामीलाई खान लाउन दिन्छ ? हामी पढेर हाम्रो घरखर्च टार्ने काम कसले गरिदिन्छ ? भन्ने जस्ता सवालहरू गरी बेवास्ता गर्ने गरेको बताए । त्यसैगरी महिलाहरूमा भएको सङ्कुचित सोच, नेतृत्वदायी भूमिका नहुने, पारिवारिक झमेला, नेतृत्वदायी कार्यमा महिलाबाट नै शङ्का गर्ने आदि जस्ता कारणहरूले गर्दा महिलालाई शिक्षामा सहभागी गराउन ठूलो चुनौती खेप्नु परेको धारणाहरू सुनसरी इनरुवाका महिला विकासमा कार्यरत महिलाहरूले अभिव्यक्त गरेको पाइयो ।

### ४.२.४ महिला सशक्तीकरण सम्बन्धी समस्या

यस अध्ययनका क्रममा महिला सशक्तीकरण सम्बन्धी समस्यालाई दस्तावेज अध्ययनमा उल्लेख गरे अनुसार महिलाहरू अगाडि बढ्न खोज्दा शारीरिक रूपले असमर्थ हुन्छन् । त्यसैगरी अपर्याप्त बजेट, स्रोत साधनको कमी, सूचना प्रचार प्रसार बढी नहुनु, सामाजिक रूपले बहिस्कृत हुनुपर्ने निर्णायक प्रक्रियामा महिलालाई अर्थहिन बनाइनु, शिक्षाको अवसर पर्याप्त प्राप्त गर्न नसक्नु आदि जस्ता कारणले महिलाहरू अग्रसर भएर जुनसुकै क्षेत्रमा कार्यरत हुन पुरुषको दाँजोमा असमर्थ रहेको कुरा उल्लेख गरेको पाइयो भने अध्ययन क्षेत्रका महिलाहरू पनि चौधरी समुदायका भएका कारण हरेक क्षेत्रमा महिला पछाडि नै परेको र आमा बुवाहरूले चाँडै विवाह गरिदिने भएकाले अर्काको घरमा बुहारी भएर कार्य गर्नुपर्ने धारणा व्यक्त गरे भने कसैले साक्षरता प्राप्त गरेता पनि सामुहिक कार्यमा नेतृत्व गरेर, सहभागी भएर कार्य गर्न नसकेको विचार व्यक्त गरे । नेतृत्वदायी भूमिका निर्वाह गर्नका लागि औपचारिक शिक्षा पनि जरुरी भएकाले उक्त समस्या पनि रहेको धारणा व्यक्त गरे । उनीहरूले आफ्ना बालबच्चाहरू पनि बढी भएको, आर्थिक स्रोत कमी भएको, बालविवाह भएको आदिको कारणले महिला सशक्तीकरण गर्नु चुनौतीको विषय रहेको धारणा व्यक्त गरेको पाइयो ।

### ४.२.५ महिलाको जीविकोपार्जन सम्बन्धी समस्या

यस अध्ययनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण दस्तावेजको अध्ययन गर्दा महिलाको जीविकोपार्जन सम्बन्धी समस्या पनि महिला शिक्षाको चुनौतीको रूपमा राखी विश्लेषण गरिएको पाइयो । उक्त अध्ययनमा महिलाहरूको नाममा सम्पती नहुने, अझै पनि पितृसत्तात्मक सोचको विचार नै अघि सारिने तथा आफ्नो नाममा कुनै पनि सम्पती नभएकाले गर्दा पुरुषहरूको इच्छा बमोजिम चल्नुपर्दा र बालबच्चाको पालनपोषण गर्नुपर्ने बाध्यता भएको, कार्यालयीय, औद्योगिक र व्यावसायिक काममा समेत महिलाहरू पछाडि देखिएका छन् तर अध्ययन क्षेत्रका प्रतिक्रिया दाताहरूले आफूहरू आर्थिक हैसियतमा कमी भएको र ३० जना महिला मध्ये ११ जना महिलाको मात्र सम्पती आफ्नो नाममा रहेको बताए भने अन्यको केही पनि आफ्नो नाममा नभएको र आर्थिक व्यवस्थाको कारण शिक्षा प्राप्त गर्न समेत कठिनाई भएको बताए ।

### ४.२.६ महिला शिक्षामा लैङ्गिक विभेदको समस्या

यस अध्ययनका प्रतिक्रिया दाताहरूसँगको धारणा अनुसार महिलाहरूलाई शिक्षा प्राप्त गर्न परेको लैङ्गिक समस्याको बारेमा उनीहरू सहमत भएको पाइयो । अधिकांश महिलाहरू आफूहरू समयमा पढ्न नपाउनु नै छोरीलाई पढाउनु हुन्न भन्ने मान्यताले गर्दा हो । छोरा र छोरी बीचको खाडलले गर्दा छोरी भनेर सानै उमेरमा विवाह गरिदिएको, घरायसी कुनै पनि आर्थिक तथा अन्य समस्यामा सामेल नगराउने, जान्न र बुझ्न खोज्दा मान मर्यादा भन्दा बाहिर भई भनी यातना दिने जस्ता समस्या पनि भोगेको बताए । तर कुनै महिलाले भने आफ्नो पढाइलाई आफूले नै निरन्तरता दिन नसकेको वा मन नलागेर भन्ने प्रतिउत्तर पनि प्राप्त भयो ।

अतः महिला शिक्षाका चुनौतीहरूमा लैङ्गिक विभेदको भावना, सङ्किर्ण सोचाइ, कानुनी रूपमा महिलालाई हक अधिकार दिलाउन नसक्नु, महिलामाथि हुने हिंसात्मक गतिविधिहरू प्रतिबन्ध गर्न नसक्नु, अनावश्यक बोझ थुपार्नु, महिलाका लागि सशक्तीकरणका कार्यक्रमहरू सहजै सञ्चालन गर्न नसक्नु, आम्दानीका स्रोतहरूमा महिलालाई ३३% कै रूपमा पनि सहभागी नगराइनु, सन्तानोत्पादनको मेसिनको रूपमा नारीलाई सोच्नु, परिवारबाट असहयोग जनाउनु, मूल्याङ्कनको अभाव हुनु आदि जस्ता चुनौतीहरूको कारणले महिलाहरू शिक्षाबाट पछि परेको देखिन्छ भन्ने तथ्यहरू विभिन्न

दस्तावेजहरूमा पाइयो भने स्थलगत अध्ययनका क्रममा महिलाहरूसँग गरिएको प्रश्नावली र अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार आर्थिक, सामाजिक, राजनैतिक, भौगोलिक, भाषागत, लैङ्गिक विभेद आदिको कारण नै महिला शिक्षाको मुलभूत चुनौतीका रूपमा रहेको उल्लेख गरेको पाइयो ।

### ४.३ महिला साक्षरताको सुधारका लागि गरिएका प्रयासहरूसम्बन्धी विश्लेषण र व्याख्या

यस अध्ययनका क्रममा महिला साक्षरताको सुधारका लागि गरिएका प्रयासहरूका सम्बन्धमा दस्तावेज अध्ययनबाट प्राप्त गरेका जानकारीको व्याख्या विश्लेषण गर्दा अनौपचारिक शिक्षा केन्द्रबाट प्रकाशीत वार्षिक बुलेटिन (२०६७) आषाढ, वर्ष ३, अङ्क ३ लाई हेर्दा निरक्षरता हटाइ साक्षर बनाउन राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरेको देखियो । यसले १५-६० वर्षका निरक्षर महिला तथा पुरुषलाई अक्षर चिन्ने कार्यक्रम तय गरियो । त्यसैगरी महिला साक्षरताका कार्यक्रममा १५-४५ वर्ष उमेर समूहका महिलालाई खासगरी आदिवासी जनजाति तथा कामकाजमा व्यस्त भएका महिलालाई कार्यमूलक ज्ञान दिने, साक्षरता सीपलाई दिगो बनाउने, रोजगारमूलक सीपको विकास गराउने जस्ता कार्यक्रम लागू गरेको देखियो भने चौधरी समुदाय नेपालको आदिवासी भएको कारणले उनीहरूको मुख्य बासस्थान सुनसरी जिल्ला पनि भएको हुँदा यस समुदायमा विभिन्न संघ संस्थाहरूले शिक्षासम्बन्धी विभिन्न कार्यक्रमहरू गरी महिलाहरूलाई साक्षर बनाउने प्रयास गरेको समेत महिलाहरूले बताए ।

#### ४.३.१ महिलालाई शिक्षामा सहभागी गराउन प्रोत्साहन गर्ने माध्यमहरू

यस अध्ययनका क्रममा महिलालाई शिक्षामा सहभागी गराउने माध्यमहरूका सम्बन्धमा विभिन्न दस्तावेजहरूबाट प्राप्त जानकारी अनुसार संरक्षणवादी कानुनको व्यवस्था हुनुपर्ने, सूचना तथा सञ्चारका माध्यमहरूलाई सक्रिय बनाउनु पर्ने, नीति निर्माण तहमा महिलालाई अनिवार्य सहभागी गराइनु पर्ने, लैङ्गिक न्याय, निर्णायक तहमा आरक्षणको व्यवस्था गरिनु आदि जस्ता कार्यक्रमका माध्यमहरूले महिलाहरूलाई शिक्षामा केन्द्रित गर्ने माध्यमहरू रहेको पाइयो । त्यसैगरी महिला विकासमा आबद्ध महिलाहरूले दिएको प्रतिक्रिया अनुसार महिलाहरूलाई आर्थिक रूपले सम्पन्न गराइनुपर्ने, सशक्तीकरणका कार्यक्रममा सहभागी गराइनु पर्ने वडागत रूपले नै महिलालाई जिम्मेवारी दिइनु पर्ने, निर्णय गर्ने कुराहरूमा महिलाको निर्णय स्वीकार्य हुनुपर्ने तथा लैङ्गिक विभेद अन्त्य गरिएको खण्डमा

महिलालाई शिक्षा किन र कसरी चाहिन्छ भनी सोच्ने वातावरण सिर्जना हुन्छ र स्वतः उनीहरू शिक्षा प्राप्त गर्न अग्रसर रहन्छन् भन्ने धारणा व्यक्त गरेको देखियो भने चौधरी महिलाहरूका प्रतिक्रिया अनुसार शिक्षा प्राप्त गर्नुको माध्यमहरूमा परिवारका सदस्यको भूमिका उल्लेख्य रहेको धारणा औपचारिक शिक्षा प्राप्त गर्ने महिलाको पाइयो भने साक्षर महिलाहरूले रेडियो, टि.भी. जस्ता सञ्चारका माध्यमहरूबाट प्रसारित महिला कार्यक्रमहरूले, संघ संस्थाहरूबाट आएका कार्यकर्ताहरूको सल्लाह र परामर्शले, आफ्ना वरपरका दिदी बहिनीहरूले आमा समूह गठन गरी हर हिसाब गर्न जानेको र सीप सिकी आय आर्जन गरेको देखेर उनीहरूबाट प्रभावित भएको जानकारी गराए । तर निरक्षर महिलाहरूले भने आफ्ना आमा बुवा नै शिक्षासँग सम्बन्ध नराख्ने भएको कारणले समयमा पढ्न नपाएको र हाल आएर पढ्न अफठ्यारो लाग्ने गुनासो समेत व्यक्त गरेको पाइयो ।

### ४.३.२ खुला सिकाइ तथा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था

महिलालाई साक्षर बनाउन निम्न माध्यमिक तहको खुला सिकाइ शिक्षा सञ्चालन गरेर कक्षा ५ सम्म अध्ययन गरी विभिन्न कारणले नि.मा.वि.तह पूरा नगरेका किशोर, किशोरी महिला तथा प्रौढहरूलाई नि.मा.वि.सम्मको अवसर २ वर्षमा प्रदान गर्ने व्यवस्था भएको पाइयो । महिला शिक्षाका लागि अनौपचारिक शिक्षाले गरेका प्रयासहरूलाई हेर्दा अन्तर्राष्ट्रिय क्षेत्रले मान्यता दिँदै अघि बढेको अनौपचारिक शिक्षाको विधिवत थालनी नेपालमा २००८ सालबाट सुरु भएको पाइन्छ । त्यसैगरी २०१३ सालमा कलेज अफ एजुकेशन व्युरोको स्थापना भए पछि ३, ६ र ९ महिने गरी प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गऱ्यो । यो क्रम २०२८ र २०४९ सालका शिक्षाका कार्यक्रमहरूले जोड दिएको पाइयो । हाल शिक्षा क्षेत्रलाई फराकिलो बनाउनु पर्छ भन्ने उद्देश्य अनुरूप शिक्षा मन्त्रालयमा "अनौपचारिक शिक्षा परिषद" गठन भई जिल्लाहरूमा सरकारी कार्यक्रमका रूपमा अनौपचारिक शिक्षा चलेका छन् ।

विद्यालय नभएर वा टाढा भएर अथवा घरको कामकाजको कारणले लाज मानेर पढ्न नसकेका वा पढ्दा पढ्दै विद्यालय छाडेर तह पूरा गर्न नसकेका बालबालिकाका लागि पनि 'शिक्षा सदन' भनी अनौपचारिक शिक्षा दिन थालियो । शिक्षा मन्त्रालयकै कार्यक्रम अन्तर्गत गाउँघरका महिलालाई जो घरको कामकाजको कारण विद्यालय तह पूरा गरेका छैनन् वा आर्थिक, सामाजिक, पारिवारिक वा अन्य कारणले पढ्नबाट वञ्चित छन् तिनीहरूका लागि दिइने शिक्षा महिला शिक्षा भएकाले यसमा १५-४५ वर्षका महिलाहरूलाई

समावेश गरी दैनिक जीवनमा प्रयोग हुने गणितीय साधारण ज्ञान र सीप तथा अन्य आयमूलक कार्यक्रमका ज्ञान र सीप पनि सिकाउने गरिन्छ । महिलाहरूका लागि दिइने यस्तो प्रकारको शिक्षाको समयावधि ६ महिना हुने र दिनमा दुई घण्टाका दरले पढाउने समेत व्यवस्था गरेको देखिन्छ ।

### ४.३.३ महिला शिक्षाका लागि गरिएको साक्षरता कार्यक्रम

साक्षरता कार्यक्रम खासगरी सीपमूलक लक्ष्य बोकेको शिक्षा हो भनी व्याख्या गरेको पाइन्छ । शिक्षाबाट वञ्चित रहेका मानिसहरूलाई आयमूलक शिक्षा तिर उन्मुख गराउने शिक्षा साक्षरता शिक्षा हो । निम्न वर्गका उपेक्षित समुदायका जनजातिका मानिसहरूलाई आफ्ना हक अधिकार प्रति सचेत बनाउने लक्ष्य बोकेको शिक्षा साक्षरता शिक्षा हो । नेपाल जस्तो अल्पविकसित मुलुकका अधिकांश मानिसहरू गरिबीको रेखामुनी पिल्सिएको अवस्था मध्ये महिला अझ उपेक्षित, हेपिएको वा दबिएको अवस्थामा देखिन्छ । शिक्षा नियमावली २०५९ ले निरक्षरता हटाउन साक्षरता कार्यक्रम, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ । शैक्षिक कार्यक्रम अन्तर्गत राज्यले साक्षरता अभियान स्वरूप साक्षरता कार्यक्रम सञ्चालन गरी पिछडिएका महिलाको हक हितका लागि महिला सशक्तीकरणका कार्यक्रमहरूमा लगाउनु, घरेलु उद्योगहरू सञ्चालन गरिनु, सहकारी संस्थाहरूले कारोवार गर्नु, सामुदायिक कार्यक्रमहरू सञ्चालन गरिनु आदिले महिलाको शैक्षिक स्तर उकासेको देखिन्छ । राज्यले साक्षरताका कार्यक्रमहरूलाई 'बाँच्नका लागि ज्ञानात्मक पद्धति' सँग जोड्ने प्रयास गरेको देखिन्छ । तर पनि राज्यले महिलालाई जागरुक हुन तत्पर गराउने खालको शैक्षिक नीति सञ्चालन गरेको देखिँदैन जसले गर्दा महिलाहरू अझै पनि साक्षरता शब्दबाट अनभिज्ञ नै रहेको तथ्याङ्कले देखाउँछ । राज्यले कतिपय स्थानमा गैर सरकारी संस्थाहरूलाई महिला सशक्तीकरण गराउने, तरकारी खेती गर्न लगाउने, कुखुरा पालन तथा अन्य स्थान विशेषका सीपमूलक शिक्षा दिने जस्ता कार्यक्रमहरू पनि दिएको पाइन्छ । त्यसैगरी महिला विकासले पिछडिएका आदिवासी महिलाहरूलाई आर्थिक, सामाजिक, सशक्तीकरण गर्ने र घरेलु हिंसामा परेका महिलाका लागि १ महिनासम्म सुरक्षित आवासको व्यवस्था सहित कानुनको सहायता गर्ने र सीपम

### ४.३.४ महिला शिक्षाबाट महिलामा आएको व्यवहार परिवर्तन

यस अध्ययनका लागि खोज गरिएको दस्तावेज अध्ययनबाट महिलामा आएको व्यवहार परिवर्तन सम्बन्धी तथ्याङ्कको व्याख्या विश्लेषण गर्दा महिलाहरू शिक्षाले गर्दा आफ्नो पुराना सोचहरूको अन्त्य गर्ने र आफ्ना छोरीहरूलाई लैङ्गिक विभेद नगर्ने भएको देखाएको छ । त्यसैगरी शिक्षाको कारणले राजनैतिक सहभागीतामा आफ्नो पहुँच पुऱ्याउन तत्पर भएको, स्वास्थ्य शिक्षा सम्बन्धी चेतनाको विकास, आत्मनिर्भरताको विकास भएको, अर्थोपार्जन गर्ने क्षमतामा वृद्धि, विभेदकारी कानुनको अन्त्य गर्न सम्बन्धित निकायमा आफ्ना आवाजहरू राख्न सक्ने, सामाजिक कुरीति तथा अन्धविश्वासको अन्त्य गर्ने जस्ता कार्यहरू गर्न सक्नेगरी परिवर्तन ल्याएको पाइयो भने अध्ययन क्षेत्रका छनोटमा परेका ३० जना महिलाहरू मध्ये निरक्षर महिलाहरू बाहेक अन्य महिलाहरूले शिक्षाले गर्दा अन्य अपरिचित व्यक्तिहरूसँग शिष्ट भएर बोलीचाली गर्न सक्षम भएको, सामान्य हरहिसाब गर्नका लागि अन्य व्यक्तिहरूलाई गुहार गर्नुपर्ने अवस्था नभएको आफू आत्मनिर्भर रही साना तिना व्यवसाय गर्न सक्ने भएकाले आम्दानीमा समेत राम्रो भएको, कुनै पनि संघ संस्थाहरूमा गई आफ्नो हक अधिकारको विषयमा निडरतापूर्वक बोल्न सक्ने भएकाले व्यवहारमा सकारात्मक परिवर्तन हुनुको साथै आफूलाई समय अनुरूप परिमार्जन हुन पनि शिक्षाले सहयोग गरेको धारणा व्यक्त गरेको पाइयो ।

अतः राज्यले दिएको साक्षरता सम्बन्धी प्रयासहरूलाई स्थानीय महिलाहरूले कमै लिने गरेको देखिन्छ भने लिएकाले पनि सही सदुपयोग गर्न नसकेको स्पष्ट देखिन्छ । स्थलगत सर्वेक्षणमा महिलाहरूमध्ये साक्षरताको कार्यक्रम बारे ६०% महिलाहरूलाई अवगत भएको र भाग पनि लिएको पाइयो भने ४०% लाई अन्यौल नै रहेको देखियो । यसबाट के स्पष्ट हुन्छ भने महिला साक्षरताका लागि गरिएका सुधारहरूमा चौधरी समुदायका महिलाहरू ६०% साक्षर रहेको र ४०% निरक्षर भएकाले बढी महिलाहरूले साक्षरता सम्बन्धी सीपमूलक तालिम प्राप्त गरी आफ्नो व्यवसाय तथा घरखर्च टार्ने मेलो गरेको स्रोत सर्वेक्षणबाट प्राप्त भयो भने साक्षरतासम्बन्धी प्रयासहरूले महिलाहरूको व्यवहारमा सकारात्मक परिवर्तन आएको पाइयो । उनीहरू समाजमा आफ्ना हक हितका कुराहरूलाई स्पष्टसँग राख्ने गरेको र हरहिसाब गर्न जानेर आफु ठगिनु नपर्ने जस्ता कुराहरू चौधरी महिलाहरूबाट जानकारी प्राप्त गरियो ।

## परिच्छेद - पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

### ५.१ प्राप्ति

'महिला शिक्षाको अवस्था र चुनौती' सम्बन्धमा गरिएको यो शोध कार्य सुनसरी जिल्लाको भा.सि.गा.वि.स.को वडा नं. २, ४ र ५ का चौधरी समुदायका महिलाहरूलाई अध्ययनको क्षेत्र बनाई अध्ययन गरियो । यो अध्ययन कार्यका लागि सम्बन्धित प्रतिक्रिया दाताहरू महिला विकासमा आबद्ध भएका ५ जना महिलाहरू र चौधरी समुदायका १५-४५ उमेर समूहका ३० महिलाहरूमा अनुसूचीमा दिए बमोजिमको अन्तर्वार्ता, प्रश्नावली तथा दस्तावेज अध्ययनबाट प्राप्त भएका सूचनाहरूलाई विश्लेषण गर्दा तथ्याङ्कबाट प्राप्त भएको जानकारीलाई प्राप्तिको रूपमा लिइएको छ ।

### ५.१.१ चौधरी महिलाको शिक्षाको अवस्थासम्बन्धी प्राप्ति

क) महिला शिक्षामा चौधरी महिलाको सहभागिता वडा नं. ४ र ५ को तुलनामा वडा नं. २ का चौधरी महिला बढी साक्षर भएको पाइयो ।

ख) तीन वटै वडाका जम्मा १७९५ चौधरी महिलामध्ये १०५४ जना महिलाहरू साक्षर भएको र ७४१ निरक्षर भएको अवस्था पाइयो ।

ग) छनोटका ३० जना महिलाहरू मध्ये १५ जनाले औपचारिक शिक्षा प्राप्त गरेका, २५ जना साक्षर र ५ जना निरक्षर भएको पाइयो ।

घ) उच्च शिक्षामा चौधरी महिलाको स्थिति हेर्दा १४ जना महिलाले एस.एल.सी.वा सो भन्दा माथि उत्तीर्ण गरेको पाइयो ।

ङ) दस्तावेज अध्ययन अनुसार महिला शिक्षासम्बन्धी कार्यक्रमहरू प्रशस्त सञ्चालन गरेको भए तापनि उक्त कार्यक्रमले महिलालाई प्रभाव पारेको पाइएन ।

च) महिलाहरूलाई साक्षर बनाउन संघ संस्थाले घरदैलो कार्यक्रम पनि गर्ने गरेको पाइयो ।

छ) पितृसत्तात्मक सोच तथा आर्थिक, पारिवारिक बोझको कारणले गर्दा महिलाहरू शिक्षाबाट वञ्चित रहेको पाइयो ।

### ५.१.२ महिला शिक्षाको आधारभूत चुनौतीहरू पहिचान गर्ने सम्बन्धमा

क) महिलामाथि हुने घरेलु हिंसा, यौनजन्य दुर्व्यवहार सहनु, बालविवाह, आर्थिक बोझ, रुढीवादी मान्यता, भौगोलिक तथा भाषागत कठिनाइ आदि जस्ता कारणहरू नै महिला शिक्षाको अवस्थासँग सम्बन्धित चुनौतीको रूपमा रहेको पाइयो ।

ख) शिक्षामा सहभागिता बढाउन महिलाहरूले भोग्नु परेको समस्याहरूमा पुरुषहरूबाट अपहेलित हुनुपर्ने, शारीरिक यातना भोग्नुपर्ने र प्रशस्त कार्ययोजना बनाउन नपाउने र महिलाहरूबाटै शङ्कको शिकार हुनुपर्ने जस्ता समस्याले शैक्षिक सहभागितामा अघि बढ्न चुनौती रहेको पाइयो ।

ग) महिला सशक्तीकरण सम्बन्धी समस्या वा महिलाहरू औपचारिक शिक्षा कम प्राप्त गरेको र बालविवाह भएको तथा आर्थिक समस्याले शसक्तीकरण कार्य गर्न नसकेको पाइयो ।

घ) आफ्नो नाममा कुनै पनि पैतृक सम्पती वा अन्य सम्पती नभएकाले जीविका चलाउन समस्या रहेको पाइयो भने सम्पती नाममा भएका ११ जना महिलाको पनि आर्थिक पक्ष कमजोर नै रहेको पाइयो ।

ङ) महिला शिक्षाको चुनौतीको विषय लैङ्गिक विभेद भएकाले यस अध्ययनमा पनि छोरीलाई छोरा सरह विद्यालयको शिक्षा प्राप्त गर्नबाट वञ्चित रहेको पाइयो भने कुनै महिलाले रहर नभएर शिक्षा आर्जन नगरेको देखियो ।

### ५.१.३ महिला साक्षरताको सुधारका लागि गरिएका प्रयासहरू पत्ता लगाउने सम्बन्धमा दस्तावेज अध्ययनबाट प्राप्त जानकारी

क) राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरी १५-६० उमेर समूहका निरक्षरलाई साक्षर बनाउने कार्यक्रम तय भएको पाइयो ।

ख) निम्न माध्यमिक तह पूरा नगरेका किशोरीहरूलाई २ वर्षमा शिक्षा प्रदान गर्न खुला सिकाइसम्बन्धी व्यवस्था भएको पाइयो ।

ग) २००८ सालबाटै अनौपचारिक शिक्षाको थालनी भएर २०२८ र २०४९ को शिक्षाका कार्यक्रमले “अनौपचारिक शिक्षा परिषद” गठन गरी कार्यक्रम गरेको पाइयो ।

घ) कामको बोझले तथा आर्थिक, सामाजिक, राजनैतिक तथा अन्य कारणले पढ्नबाट वञ्चित भएका महिलालाई समावेश गरी सीपमूलक शिक्षा प्रदान गरेको पाइयो ।

ङ) महिलाहरूका लागि आयमूलक हुने खालका सीपमूलक शिक्षाहरू प्रदान गर्दै आएको पाइयो ।

च) शिक्षा नियमावली २०५९ ले निरक्षरता उन्मुलन गर्न साक्षोत्तर कार्यक्रम, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइयो ।

छ) महिलालाई साक्षरता सम्बन्धी कार्यक्रममा व्यवसायिक कार्यहरू पनि सिकाइ आयआर्जनका लागि सक्षम बनाएको पाइयो ।

ज) विभिन्न संघ संस्थाहरूले सञ्चालन गरेका महिला शिक्षा अन्तर्गतका कार्यक्रमहरूमा साक्षर महिलालाई सामेल गराई समूहमा कार्य गरी आर्थिक समस्या समाधान गर्ने प्रयत्न गरेको पाइयो ।

झ) महिलालाई शिक्षामा सहभागी गराउन प्रोत्साहन गर्ने माध्यमहरूमा संचारका साधन तथा संघ संस्था र महिला विकासका सञ्चालित कार्यक्रमहरू नै बढी भएको पाइयो तर निरक्षर महिलाको हकमा यस्तो नभएको देखियो ।

ञ) महिला शिक्षाबाट महिलाहरूको आत्मनिर्भरता हुनसक्ने क्षमताको विकास भएको तथा सीपमूलक ज्ञान नभएकाले हरहिसाब गर्ने र उनीहरूमा बोलीचाली समेत परिवर्तन भएको पाइयो ।

## ५.२ निष्कर्ष

महिला शिक्षाको अवस्था र चुनौती विषयमा आधारित भएर गरिएको यस शोध कार्यको प्राप्तिलाई अध्ययन गरी निम्नानुसारको निष्कर्षलाई अघि सारेको छ :

यस कार्यक्रमको माध्यमबाट चौधरी समुदायको बाहुल्यता बढी रहेको यस गा.वि.स.का वडाहरूमा महिलाहरूको साक्षरता राम्रो देखिन्छ । पारिवारिक तनाव, आर्थिक अभाव तथा सन्तानोत्पादन बढी भएको कारणबाट महिलाहरू औपचारिक शिक्षा प्राप्त गर्न

सकेको अवस्था देखिँदैन । संघ संस्थाहरूले विभिन्न घुम्ती सेवा, अनौपचारिक सीप विकासका तालिमहरू समय-समयमा प्रदान गरेर महिलाको साक्षरतालाई अघि बढाउन मद्दत पुऱ्याएको देखिन्छ । खास गरी चौधरी महिलाहरू बढी भन्दा बढी कृषि पेसामा संलग्न भएको देखिन्छ तर पनि महिलाहरूको नाममा सम्पती नभएको गुनासो अधिकांश महिलाहरूको रहेको पाइन्छ भने पुरुषवादीहरूको सङ्किर्ण सोचको कारणले महिला सशक्तीकरणका कार्यहरूमा सहभागी हुन नपाएको देखिन्छ ।

छोरीहरू प्रति गरिने व्यवहार र छोराहरू प्रति गरिने व्यवहार बीच समानता हुन नसकेर महिलाहरू आफू माथिको घरेलु हिंसा, यौनजन्य दुर्व्यव्यहार, शिक्षाबाट वञ्चित हुनुपर्ने तथा सचेतनाका कार्यक्रमहरूमा खुलेर आफ्नो विचार राख्न लजाउने, धकाउने गरेको देखिन्छ । तर आजको २१ औँ शताब्दीको युगमा आएर पनि पुरुषको मात्र अधिनमा बस्न नहुने धारणा पढेलेखेका महिलाहरूको रहेको देखिन्छ र त्यससम्बन्धी सहयोग पुऱ्याउन सञ्चार माध्यमहरूले सहयोग गरेको र महिला विकास सम्बन्धी संस्थाले जनचेतना कार्यक्रम गरी महिला माथि हुने घरेलु हिंसा तथा अन्य हिंसा विरोधी कुराहरूलाई बुझ्न र केही हदसम्म सहयोग गरेकाले महिलाहरू सक्रिय भएको देखिन्छ ।

महिला साक्षरता सम्बन्धी जानकारी प्राप्त गर्ने महिलाहरू भने आफ्नो आय आर्जन आफै गर्ने तथा गाउँघरमा आमा समूह गठन गरी वचत गर्ने र सहुलियत व्याजदरमा ऋण लिई पेसा गरेको देखिन्छ । महिलामा हाल शिक्षाप्रतिको सोच सकारात्मक नै देखिन्छ । महिलाहरूलाई खासगरी निरक्षरता उन्मुलन कार्यक्रममा सहभागी गराई सीपमूलक शिक्षा प्रदान गरिएकाले यस स्थानका महिलाको साक्षरता राम्रो रहेको देखिन्छ । तर नेपाल सरकारले र महिला मन्त्रालयले महिलालाई अघि बढाउने कार्यक्रमहरू प्रति अझ बढी लगानी गरी सक्रिय जनशक्ति तयार गर्नु जरुरी देखिन्छ ।

यस अध्ययनको तथ्याङ्कका निचोडमा यो देखिन्छ कि लैङ्गिक भेदभाव हुनु, नीति निर्माण प्रक्रियामा महिलालाई सहभागी नगराइनु, आर्थिक अभाव आइपर्नु, समयमा विद्यालय जान नपाउनु जस्ता कारणहरूले महिला शिक्षा माथि प्रश्न चिह्न खडा गरेको देखिन्छ । अनौपचारिक कार्यक्रम अन्तर्गत प्रौढ शिक्षा, महिला सीपमूलक शिक्षा, व्यवसायिक शिक्षा, खुला शिक्षा आदि शैक्षिक कार्यक्रमलाई राज्यले प्राथमिकता दिई सही तरिकाले कार्यान्वयन गर्नु र गराउनु पर्ने देखिन्छ । पुरुषको दाँजोमा यस क्षेत्रका महिलाको शैक्षिक अवस्था न्यून नै भएकाले समग्रमा ती महिलाहरूको सोचमा परिवर्तन गर्न सीप प्रदान गर्ने कार्यक्रमहरू

बढी गर्ने तथा तालिमको व्यवस्था गर्दा उचित भत्ता समेतको व्यवस्था गरिदिने हुँदा महिला सहभागिता बढ्न सक्ने देखिन्छ ।

## ५.३ सुझावहरू

"महिला शिक्षाको अवस्था र चुनौती" सम्बन्धमा गरिएको यस शोध कार्यको अनुसन्धानका क्रममा चौधरी महिलाहरू र महिला विकासमा आबद्ध भएका पाँच जना महिलाहरूसँग अन्तर्वार्ता र प्रश्नावलीबाट प्राप्त भएका जानकारी र दस्तावेज अध्ययनबाट प्राप्त सूचनाका आधारमा यो कार्य उपलब्धिमूलक रहेको, लक्षित समुदायमा सकारात्मक प्रभाव पारेको र सबैका लागि शिक्षा नामक अन्तर्राष्ट्रिय अभियानलाई समेत टेवा पुग्ने देखिएकाले यस कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गले अघि बढाउनका लागि निम्न सुझावहरू पेस गरिएको छ :

### ५.३.१ चौधरी महिलाको शिक्षाको अवस्था सम्बन्धी सुझावहरू

क) महिला शिक्षा सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिन र राष्ट्रिय तहदेखि स्थानीय तहसम्मका बुद्धिजीवीहरूलाई तालिमको व्यवस्था गरिनु पर्दछ ।

ख) शिक्षामा सहभागी गराउन प्राथमिक तहदेखि उच्च मा.वि.तहसम्म निःशुल्क महिला शिक्षाको व्यवस्था हुनु पर्दछ ।

ग) पछाडि परेका समुदाय पत्ता लगाई उनीहरूका लागि विशेष शिक्षाको व्यवस्था गरिदिनु पर्दछ ।

घ) महिलाहरूलाई घरबाट धाएर टाढा विद्यालय पर्ने अवस्थामा उचित छात्रावासको व्यवस्था मिलाई औपचारिक शिक्षा प्रदान गर्नु पर्दछ ।

ङ) महिलाहरूलाई आफ्नो सीपको सही सदुपयोग गर्न उचित वातावरण सम्बन्धित स्थानीय सरोकारवालाहरूको ध्यान पुग्नु जरुरी देखिन्छ ।

च) रुढीवादी परम्पराको अन्त्यका लागि समुदायका पुरुष वर्गहरूलाई समेत सहभागी गराई विशेष कार्यक्रमका लागि सरकारद्वारा पहल गरिनु पर्दछ ।

छ) महिलाहरूलाई शारीरिक सुरक्षणका लागि नीतिगत कानुनको व्यवस्थालाई स्थानीय स्तरमा कार्यान्वयन गराउनु पर्दछ ।

ज) महिलालाई समाजका पुरुष सरह समान अवसर प्रदान गर्ने वातावरण राज्य तथा स्थानीय निकायले चासो पुऱ्याउनु पर्दछ ।

**५.३.२ चौधरी महिलाको शिक्षाको आधारभूत चुनौती सम्बन्धी सुझावहरू**

क) मानसिक तथा शारीरिक हिंसा विरुद्धका कार्यक्रमहरू लागू गराउन सक्नु पर्दछ ।

ख) महिलालाई सामाजिक रूपले अपहेलित गर्ने पुरुषवादी सोचको अन्त्यका लागि पुरुषहरूलाई समेत सहभागी गराई विभिन्न गोष्ठी तथा सेमिनारको आयोजना गर्नुपर्दछ ।

ग) महिलाको आय आर्जनका लागि वचत सहकारी संस्थाहरू स्थापना गरी विना धितो ऋण प्रदान गरी सहयोग गर्नु पर्दछ ।

घ) महिलाहरूको नेतृत्व विकासका लागि लैङ्गिक संवेदनशीलता विधेयक नीति निर्माण तथा सम्बन्धित सबै पक्षलाई तालिम दिनुपर्ने र समय अनुसार घुम्ती सिविरहरूको व्यवस्था गर्नु पर्दछ ।

ङ) लैङ्गिक समानता, महिला सशक्तीकरण, कानुनी शिक्षाको विषयमा राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तर सम्मका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ ।

च) आम्दानीको स्रोत न्यून भएका महिलालाई सीपमूलक व्यवसायिक सीप दिई आयस्रोतमा वृद्धि गर्नु पर्दछ ।

छ) बालविवाह गर्ने परिपाटीको कानुनी दस्तावेजहरू तयार भए पनि दुर्गम क्षेत्रका महिलाहरू अझै पनि सानै उमेरमा विवाह गरी पारिवारिक तनाव खेप्नु परेकाले यस्ता बाल विवाहमा रोक लगाउने कार्य गरिनु पर्दछ ।

ज) महिलाहरूको शैक्षिक स्तरमा सुधार गर्न पितृसत्तात्मक सोचको गलत विचारको अन्त्यका लागि स्थानीय स्तरमा नै गोष्ठीहरू सञ्चालन गरी कडा नियम बनाउनु पर्दछ ।

झ) महिलाहरूलाई नीति निर्माण कार्यमा सहभागी गराई सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

### ५.३.३ महिला साक्षरताको सुधारका लागि गरिएका प्रयासहरू पत्ता लगाउने सम्बन्धका सुझावहरू

क) महिला साक्षरताका लागि शिक्षा मन्त्रालय मार्फत्का अनौपचारिक कार्यक्रमहरूमा सशक्त बनाउन बजेट विनियोजन गर्नु पर्दछ ।

ख) खुला शिक्षालाई प्राथमिकता दिन यस कार्यक्रममा प्रशस्त लगानी गरिनु पर्दछ ।

ग) महिलालाई साक्षर बनाउन गरिएका प्रयासहरूमा समतामूलक, सीपमूलक तालिमको व्यवस्था सरकारबाटै सक्षम जनशक्ति परिचालन गरी दृढताका साथ गरिनु पर्दछ ।

घ) प्रौढ शिक्षा महिला र पुरुष दुवैका लागि सञ्चालन गरिए तापनि सकेसम्म महिला सहभागितामा वृद्धि गर्न प्रयत्न गरिनु पर्दछ ।

ङ) विभिन्न सचेतनामूलक कार्यक्रमहरूमा संघ संस्थाले महिलालाई सहभागी गराउन आवश्यक भत्ता सहितको कार्यक्रम आयोजना गरिनु पर्दछ ।

च) साक्षरता बढाउन आयमूलक कार्यमा लगानी वृद्धि गरी चौधरी समुदायका महिलामा पहुँच पुऱ्याउनु पर्दछ ।

छ) महिलाहरूलाई साक्षर बनाउन विभिन्न तालिम, गोष्ठी, सेमिनार तथा आम्दानी पनि हुने खालका सचेतीकरण कार्यक्रम गर्न राज्यले प्रशस्त लगानी लगाउनु पर्दछ ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६६), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,** बागबजार, काठमाडौँ : आशिस बुक्स हाउस प्रा.लि. ।

अनौपचारिक शिक्षा केन्द्र (२०६६), **साक्षरता विशेषाङ्क**, भक्तपुर नेपाल ।

**अनौपचारिक शिक्षा केन्द्र एक चिनारी (२०६३),** सानोठिमी, भक्तपुर, नेपाल ।

आचार्य, बलराम (२०६५), **समाजशास्त्र सैद्धान्तिक दृष्टिकोणहरू,** कीर्तिपुर, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

ओझा, धननाथ (२०५६), **नेपालमा महिला**, काठमाडौँ : पैरवी बुक्स एन्ड स्टेसनरी ।

काफ्ले, वाशुदेव र साथीहरू (२०६८), **शिक्षामा सामाजिक न्याय**, कीर्तिपुर, काठमाडौँ : सनलाइट पब्लिकेसन प्रा.लि. ।

कार्की, शुसिला (२०६७), **हिन्दूधर्म र महिला**, काठमाडौँ : महिला न्यायधिस, श्रीमती समूह ।

कोइराला, खेमनाथ (२०५८), **मानव अधिकार र नेपालको संविधान,** काठमाडौँ : श्री विद्या प्रकाशन ।

कोइराला, विद्यानाथ (१९८८), **अनौपचारिक शिक्षामा महिला सहभागिता अध्ययन प्रतिवेदन,** काठमाडौँ : सेरिड ।

चापागाईं, अनिता (२०६७), **महिला हिजो र आज**, काठमाडौँ : न्यायधिस श्रीमती समूह ।

चौधरी, पुरुषोत्तम (२०६३), **थारु जातिको उत्पत्ति समाजशास्त्रीय विवेचना**, काठमाडौँ : नेपाल ग्रामीण विकास समाज ।

ढकाल, नारायणप्रसाद (२०६७), **अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले सहभागी महिलामा पारेको प्रभाव**, अप्रकाशित शोधपत्र, कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

ढकाल, सोमनाथ (२०६५), **शिक्षाका आधारहरू,** कीर्तिपुर, काठमाडौँ : जुपीटर प्रकाशन ।

थापा, विश्ववाला र अधिकारी, बालकृष्ण (२०६८), **शिक्षामा विविधताका लागि पाठ्यक्रम,** कीर्तिपुर, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

**थारु संस्कृति** (२०६३, असोज, अङ्क २०), थारु कल्याणकारिणी सभा १९ औं महाअधिवेसन प्रकासन समिति, मिलन चोक, पुरानो वानेश्वर, काठमाडौं ।

**दशौं योजना (२०५९-०६४),** राष्ट्रिय योजना आयोग ।

**नेपालको शैक्षिक तथ्याङ्क (२०५८),** शिक्षा विभाग ।

पौडेल, रविन्द्र (२०६७), **साक्षरता कार्यक्रमको प्रभावकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, इटहरी : त्रि.वि., जनता बहुमुखी क्याम्पस ।

प्रधान, साहाना (२०६६), **गन्तव्य अनुसन्धान पत्रिका, शिक्षा आयोगको प्रतिवेदन विशेष अङ्क,** बल्खु, काठमाडौं ।

**महिलाका लागि भएका विशेष व्यवस्था र यसको प्रभाव** (२०६०), थापाथली, काठमाडौं : महिला कानुन र विकास मञ्च ।

**राष्ट्रिय जनगणना आयोग** (२०६८), तथ्याङ्क विभाग, काठमाडौं ।

लुइँटेल, झमकप्रसाद (२०६८), **खुला विद्यालय शिक्षा कार्यक्रमको विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, इटहरी : त्रि.वि., जनता बहुमुखी क्याम्पस ।

लेखी थारु, राजकुमार (२०६५), **थारु अधिकारमुखी आन्दोलन**, काठमाडौं : थारु कल्याणकारिणी सभा, क्यू एण्ड क्यू प्रेस ।

**लैङ्गिक विभेद तथा महिला विरुद्ध हुने हिंसा** (२०६२), बालाजु, काठमाडौं : एम्नेस्टी इन्टरनेसनल नेपाल ।

सुवेदी, प्रतिभा (२०५९), **महिला र पुरुष समविकासको आधार,** ज्ञानेश्वर : नारी चेतना केन्द्र ।

श्री ५ को सरकार, अनौपचारिक शिक्षा केन्द्र (२३ भाद्र, २०६१), **साक्षरता विशेषाङ्क**, अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी भक्तपुर ।

**NCED** (2060/061). Sanothimi Bhaktpur.

Tyson, Lois (1950). **Critical Theory Today** (2nd edition), Kathmandu : Ekta Books Private Ltd.

UNICEF (1994**). Education Rights and Minorities,** U.K.Ed. Minority Right Group.

## अनुसूची - १

## महिला विकासमा आवद्ध महिलाहरूका लागि तयार पारिएको प्रश्नावली

नाम : मिति :

उमेर : ठेगाना :

कार्यालयको नाम : पद :

१) तपाईंले यस संस्थामा काम गर्नु भएको कति वर्ष भयो ?

.........................................................................................................

२) काम गर्ने शिलसिलामा तपाईंलाई कुनै प्रकारको समस्या आइपरेको छ ?

.........................................................................................................

३) यदि छ भने कस्तो खालको समस्याको सामना गर्नु भएको छ ?

.........................................................................................................

४) महिलाका बारेमा तपाईंको स्पष्ट बुझाई बताइदिनु हुन्छ कि ?

.........................................................................................................

५) महिलाले समाजमा भोग्नु परेका समस्याहरूबाट कतिको परिचित हुनुहुन्छ ?

.........................................................................................................

६) के कस्ता कारणले महिलाहरू समाजमा पछि परेका छन् ?

.........................................................................................................

७) यस महिला विकासले महिलाका लागि के कस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ?

.........................................................................................................

८) तपाईंले काम गर्ने स्थानमा महिला शिक्षाको अवस्था कस्तो प्राप्त गर्नुभयो ?

.........................................................................................................

९) महिला शिक्षाको अवस्थालाई विश्लेषण गर्दा कसरी गर्नुहुन्छ ?

.........................................................................................................

१०) तपाईंको कार्यालयले के कस्ता महिलाको अवस्था हेर्दछ ?

.........................................................................................................

११) तपाईंको विचारमा महिलालाई जागरुक बनाउन के कस्तो कदम चाल्नुपर्ला ?

.................................................................................................................

१२) महिला विकासले महिलाको सशक्तीकरणका लागि कस्तो पाइला चालेको छ ?

.................................................................................................................

१३) समाजमा पुरुष सरह महिलाले पनि शिक्षा पाउनु पर्छ भन्ने मान्यतालाई कसरी लिनुहुन्छ ?

.................................................................................................................

१४) महिला विकासको कार्यक्रमले महिला शिक्षाको अवस्थामा परिवर्तन आएको छ ?

.................................................................................................................

१५) सरकारको तर्फबाट यस संस्थाले महिला शिक्षासँग सम्बन्धित कस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ ?

.................................................................................................................

१६) महिला शिक्षाका मुख्य समस्या के हुन् ?

.................................................................................................................

## अनुसूची - २

## चौधरी महिलाका लागि तयार गरिएको संरचित अन्तर्वार्ता प्रश्नावली

नाम : मिति :

उमेर : ठेगाना :

१) तपाईं विवाहित हुनुहुन्छ कि अविवाहित ?

.........................................................................................................

२) यदि विवाह भएको भए कति समय भयो ?

.........................................................................................................

३) तपाईंले औपचारिक शिक्षा प्राप्त गर्नु भएको हो कि अनौपचारिक ?

.........................................................................................................

४) औपचारिक शिक्षा लिनका लागि तपाईंलाई कसले बढी सहयोग गर्नु भएको छ ?

.........................................................................................................

५) तपाईंले कति सम्मको शिक्षा हासिल गर्नु भएको छ ?

.........................................................................................................

६) उच्च शिक्षा हासिल गर्नु भएको छ कि छैन ?

.........................................................................................................

७) यदि छैन भने तपाईंलाई कुन कारणले समस्या पार्‍यो ?

.........................................................................................................

८) अझ पनि तपाईं पढ्न चाहनुहुन्छ ?

.........................................................................................................

९) पढ्नका लागि कसले सहयोग गरे हुन्थ्यो जस्तो लाग्छ ?

.........................................................................................................

१०) अध्ययनका क्रममा तपाईंलाई के-कस्ता समस्याहरू आइपरेको थियो ?

..........................................................................................................

## अनुसूची - ३

### छनोटमा परेका चौधरी महिलाहरूको नामावली

| क.सं. | वडा नं. २ का महिलाहरू |
|---|---|
| 1 | कलावती चौधरी |
| 2 | घुरनी चौधरी |
| 3 | ठेकनी देवी चौधरी |
| 4 | रजिया चौधरी |
| 5 | मोतिया चौधरी |
| 6 | लक्ष्मी चौधरी |
| 7 | पार्वती चौधरी |
| 8 | रेश्मा चौधरी |
| 9 | छेदनी चौधरी |
| 10 | रामावती चौधरी |

| क.सं. | वडा नं. ४ का महिलाहरू |
|---|---|
| 11 | रामशाह देवी चौधरी |
| 12 | लखनी चौधरी |
| 13 | देवीया चौधरी |
| 14 | पूर्णिमा चौधरी |
| 15 | ललकी चौधरी |
| 16 | संभना चौधरी |
| 17 | अन्जिता चौधरी |
| 18 | भगवती चौधरी |
| 19 | मुसरनीया चौधरी |
| 20 | राजवती चौधरी |

| क.सं. | वडा नं. ५ का महिलाहरू |
|---|---|
| 21 | तारादेवी थरुनी |
| 22 | सुकुनी देवी थरुनी |
| 23 | बन्हु चौधरी |
| 24 | श्यामा चौधरी |
| 25 | आस्मा चौधरी |
| 26 | पूजा चौधरी |
| 27 | आरती चौधरी |
| 28 | अञ्जली चौधरी |
| 29 | धुरनी चौधरी |
| 30 | आशा चौधरी |

## अनुसूची - ४

### महिला विकासमा आवद्ध महिलाहरूको नामावली

| क.सं. | महिला विकासमा आवद्ध महिलाहरूको नामावली |
|---|---|
| 31 | जानकी राठी (अधिकृत) |
| 32 | भीमा निरौला |
| 33 | सुनीता चौधरी |
| 34 | यशोदा पोखरेल |
| 35 | सीता थापा |

## अनुसूची - ५

## सर्वेक्षण फारमको नमुना

| जम्मा घरधुरी सङ्ख्या | छनोटमा परेका घरधुरी सङ्ख्या | साक्षर | निरक्षर | साक्षरको योग्यता | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सामान्य लेखपढ | एस.एल. सी. | आइ.ए. | बी.ए. | एम. ए. |
| | | | | | | | | |